# प्रेरितको पुस्तकको व्याख्या

## EXPOSITION OF THE BOOK OF ACTS

**Author:** Thomas Hwang (Ph.D.)

**Translator & Editor:** Shyam Shrestha (M.Div.)

AMI College & Seminary

www.aminepal.net

# विषय सूची
## Contents

# प्रेरितको पुस्तकको परिचय

"... पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।



प्रेरितको पुस्तक नयाँ करारको मेरुदण्ड हो। यसलाई नयाँ करारको इतिहास पनि भनिन्छ। प्रेरितको पुस्तकले विशेषगरी पहिलो शताब्दीको पवित्र आत्माका कामहरूलाई व्याख्या गर्ने भएकोले यसलाई पवित्र आत्माको कामको पुस्तक पनि भनिन्छ। यसको अध्ययनबाट प्रभु येशूले दिनुभएको महान् आज्ञा कसरी पूरा हुँदैगयो भनी बुझ्न सकिन्छ (मत्ती २८:१९-२०; मर्कूस १६:१५; लूका २४:४७; यूहन्ना २०:२१; प्रेरित १:८)।

पवित्र आत्माको शक्ति र अगुवाइमा सुसमाचार यरूशलेमबाट संसारभरि फैलिँदैगएको कुराहरू प्रेरितको पुस्तकले क्रमैसँग वर्णन गर्छ। यो पुस्तकमा उल्लिखित ऐतिहासिक घटनाहरू पढ्न र बुझ्न सजिलो भए तापनि यसले प्रदान गर्ने शिक्षालाई व्यवहारमा उतार्न पवित्र आत्माको सहायता चाहिन्छ। यो पुस्तकमा विशेषगरी पत्रुस, यूहन्ना, बारनाबास, स्तिफनस, फिलिप, याकूब, पावल, लूका र सिलासको कामलाई चर्चा गरिएको छ।

सुरुका प्रेरितहरू यहूदी भएकोले उनीहरूले विशेषगरी यहूदीहरूलाई नै सुसमाचार प्रचार गर्न जोड दिए। अयहूदीहरूलाई (अर्थात् अन्यजातिहरूलाई) सुसमाचार प्रचार गर्नचाहिँ परमेश्वरले पावललाई प्रयोग गर्नुभयो। पावल सुसमाचार प्रचार गर्ने, चेला बनाउने र मण्डली स्थापना गर्ने सफल व्यक्ति हुन्। उनको सेवकाइ सफल पार्न परमेश्वरले लूका, बारनाबास, सिलास, तिमोथी, तीतस, फिलोमोन, अकिलास, प्रिस्किला, तुखिकस, लिडिया, गायस, यासोन, इरास्तस, अरिस्तार्खस, लुकियस, त्रोफिमस, र टुरान्नसजस्ता व्यक्तिहरू जुटाई दिनुभयो। परमेश्वरको काम गर्नेहरूलाई असल सहकर्मीहरूको खाँचो पर्छ भन्ने कुरा बिर्सनु हुँदैन। येशूले पनि चेलाहरूको समूहमा रहेर सेवकाइ गर्नुभयो। मोशाले एक्लै सेवकाइ गर्न कोसिस गरे तर उनको ससुराले उनलाई सहकार्य गर्न सिकाए (प्रस्थान १८ अध्याय हेर्नुहोस्)। यस्ता बाइबलीय घटनाहरूबाट महत्वपूर्ण पाठ सिक्न सकिन्छ।

बाइबल पुरानो करार र नयाँ करार मिलेर बनेकोले गर्दा, नयाँ करार पढ्दा हामीलाई पुरानो करारको सहायता चाहिन्छ भने पुरानो करार पढ्दा नयाँ करारको ज्योति चाहिन्छ। पुरानो करारमा चार भागहरू छन् (व्यवस्थाको पुस्तकहरू, ऐतिहासिक पुस्तकहरू, कवितात्मक पुस्तकहरू र अगमवाणीका पुस्तकहरू)। नयाँ करारमा पनि चार भागहरू छन् (सुसमाचारका पुस्तकहरू, प्रेरितको पुस्तक, पत्रहरू र प्रकाशको पुस्तक)। नयाँ करारमा प्रेरितको पुस्तक एक मात्र ऐतिहासिक पुस्तक भए तापनि यो निकै महत्वपूर्ण छ किनभने यसले थुप्रै इसाई सिद्धान्तहरूलाई समेटेको छ।

सुसमाचारको पुस्तकहरूमा प्रभु येशूले चेलाहरूलाई परमेश्वरको राज्यको काम गर्न सुसज्जित पार्नुभएको कुराहरू उल्लेख छन्। तिनीहरूलाई महान् आज्ञा दिनु भएपछि येशू स्वर्गारोहण हुनुभयो। त्यसपछिका घटनाहरू प्रेरितको पुस्तकमा उल्लेख छन्। यसर्थ बाइबलमा प्रेरितको पुस्तक नभएको भए येशूको महान् आज्ञा कसरी पूरा हुँदैगए भनी बुझ्न निकै कठिन हुनेथियो।

प्रेरितको पुस्तकमा दुई जना मानिसहरू नायकको रूपमा देखिन्छन्– पहिलो पत्रुस (प्रेरित १ देखि १२ अध्याय) र दोस्रो पावल (प्रेरित १३ देखि २८ अध्याय)।

पत्रुस त्यति शिक्षित र प्रभावशाली व्यक्ति थिएनन्। गालील क्षेत्रको बेथसेदा भन्ने गाउँमा जन्मेका मुछुवा पेशा अपनाउने साधारण मानिस भए तापनि पवित्र आत्माको सामर्थ्यमा उनले अद्भूत कामहरू गरे। उनले दुई वटा पत्रहरू

पनि लेखे। सिलास र मर्कूसले उनलाई त्यस काममा सहायता गरेका हुन सक्छन् (१ पत्रुस ५:१२,१३)। पावलचाहिँ तार्ससको राम्रो घरानामा जन्मिएका शिक्षित र शक्तिशाली व्यक्ति थिए। उनीसँग रोमी नागरिकता थियो (प्रेरित २२:२७-२९) उनले बाइबलको १३ वटा पुस्तकहरू लेखे जुन नयाँ करारको करिब आधा भाग हो। कसैकसैले हिब्रूको पुस्तक पनि उनले नै लेखेका हुनुपर्छ दाबी गर्छन्। यदि त्यसो हो भने पावलले लेखेका पत्रहरूको सङ्ख्या १४ हुन आउँछ। उनको पत्रहरूमा ईश्वरशास्त्रीय गहन सिद्धान्तहरू र इसाई जीवनशैली उल्लेख छन्। मण्डलीको मिसन के हो भनी बुझ्न प्रेरित १३ देखि २८ अध्यायहरूमा उल्लेखित पावलको सेवकाइ अध्ययन गर्नु पर्छ। तर प्रेरित १ देखि १२ अध्यायहरूमा उल्लिखित घटनाहरू नबुझी त्यसपछिका घटनाहरू बुझ्न सकिँदैन। त्यसकारण प्रेरितको पुस्तकलाई सुरुदेखि नै विस्तृत अध्ययन गर्नु अति आवश्यक छ। यो पुस्तकको अध्ययनले तपाईंको जीवन र सेवकाइमा ठूलो आशिष् ल्याउनेछ।

प्रेरितको पुस्तकको लेखक लूका हुन्। उनी एन्टिओखियामा जन्मेका ग्रीक (अर्थात् अन्यजाति) मानिस हुन्। यहाँ स्मरण गर्नुपर्ने कुरा के हो भने बाइबल लेख्ने उनी एकमात्र गैरयहूदी व्यक्ति हुन्। प्रेरितको पुस्तक लेख्नुभन्दा पहिले उनले लूकाको सुसमाचार लेखिसकेका थिए। पावलको दोस्रो प्रचार यात्रामा उनी पनि साथमा थिए। प्रेरित १:१-१६:९ सम्म **'तिनीहरू'** भन्ने सर्वनाम प्रयोग गरिएको छ, तर प्रेरित १६:१० देखि **'हामी'** भन्ने सर्वनाम प्रयोग गरिएको छ। लूकाले त्यहाँ 'हामी' भनेर लेख्नुको मतलब त्यतिबेला उनी पावलसँगै थिए भनेर बुझ्न सकिन्छ। तलका दुई खण्डहरूलाई ध्यान दिएर तुलना गर्नुहोस्।

"पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले **तिनीहरू** फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। माइसियाको साँधमा आएपछि **तिनीहरूले** बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले **तिनीहरूलाई** जान दिनुभएन। तब माइसिया भएर **तिनीहरू** त्रोआसमा गए" (प्रेरित १६:६-८)।

"जब तिनले यो दर्शन पाए, तुरुन्तै **'हामी'** माकेडोनिया जान तयार भयौँ। **हामीले** यो निश्चय गर्‍यौँ कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले **हामीलाई** बोलाउनुभएको रहेछ। तब **हामीहरू** त्रोआसबाट जहाजमा चढी सोझै सामोथ्राकेतिर गयौँ र भोलिपल्ट नियापोलिसमा आइपुग्यौँ, र त्यहाँबाट फिलिप्पीमा आइपुग्यौँ, जो माकेडोनियाको प्रमुख सहर र रोमी उपनिवेश पनि हो। **हामी** त्यस सहरमा केही दिन बस्यौँ" (प्रेरित १६: १०-१२)।

प्रेरित १ अध्यायको घटना इ.सं. ३० तिरको हो भने प्रेरित १६ अध्यायको घटना इ.सं. ५० को हो। प्रेरित १ देखि१६ अध्यायका घटनाहरू लूकाले आफ्नै आँखाले देखेका र अनुभव गरेका कुराहरू होइनन्। त्यतिबेला उनले येशू ख्रीष्टमाथि विश्वास गरेका थिएनन्। पवित्र आत्माको प्रेरणाद्वारा तिनले येशूको जन्मदेखिको घटनाहरूलाई आफ्ना पुस्तकहरूमा क्रमैसँग लेखेका छन्।

लूकाको सुसमाचारमा इ.पू. ४ देखि इ.सं. ३० सम्मको घटनाहरू उल्लेख छन् भने प्रेरितको पुस्तकमा चाहिँ इ.सं. ३० देखि इ.सं. ६२ सम्मको घटनाहरू समेटिएका छन्। लूकाले इ.सं. ५० मा येशू ख्रीष्टमा विश्वास गरेको भए तापनि उनले त्योभन्दा अगाडिका कुराहरूलाई आफ्ना दुई पुस्तकहरूमा स्पष्टसँग लेखेका छन्। यदि पवित्र आत्माले सहायता नगर्नुभएको भए उनले ती पुस्तकहरू कदापि व्यवस्थित ढङ्गमा लेख्न सक्ने थिएनन्।

इ.सं. ६० देखि ६२ सम्म पावल रोमको झ्यालखानमा हुँदा 'लूकाको सुमाचार' र 'प्रेरितको पुस्तक' लेखिएको हुनुपर्छ भनी बाइबल विद्वान्हरूले अनुमान लगाउनु हुन्छ। त्यतिबेला लूका पावलको साथमा थिए (प्रेरित २८:१६)। रोममा दुई वर्ष कैद भोगेपछि पावल स्वतन्त्र भए र इ.सं. ६८ मा उनलाई घाटी रेटेर मारियो। लूका पावलको आसपासमा भएकोले उनले उक्त दृश्य आफ्नै आँखाले देखेको हुनुपर्छ।

परिस्थिति जेजस्तो भए तापनि पावलको सेवकाइमा लूका र तिमोथीले अन्तिम घडीसम्मै दाहिने हात र देब्रे हातजस्ता भएर साथ दिए। तिमोथीले पनि करिब इ.सं. ५० तिर पावललाई पछ्याएका थिए। उनको घर लुस्त्रा भन्ने

ठाउँमा थियो जुन अहिले टर्कीमा पर्छ। उनकी आमा यहूदी थिइन् तर बुबा भने ग्रीक थिए (प्रेरित १६:१-३)। पावलको चेलापनमा हुर्केका तिमोथी पछि गएर एफिसस मण्डलीका अगुवा भए (१ तिमोथी १:३; २ तिमोथी ४:१२)। उनी पावलको प्रिय चेला भए तापनि उनले कुनै पुस्तक लेखेनन्।

लूकाचाहिँ अलि फरक किसिमका मानिस थिए। उनी मण्डलीको पास्टर होइनन्। पेशाले उनी डाक्टर (वैद्य) थिए (कलस्सी ४:१४)। उनले पावलको व्यक्तिगत डाक्टर भएर सेवा गरेको हुन सक्छन्। उनी डाक्टरको साथै लेखक, इतिहासकार, प्रचारक र मिसनेरी हुन्। उनी शिक्षित, धनी र उच्च तहका व्यक्ति भए तापनि परमेश्वरको बोलावट पाएर मिसनको काममा लागेका थिए। परमेश्वरले उनलाई थुप्रै वरदानहरू दिनुभएको थियो। उनले टेबिलमा बसेर मात्र काम गरेनन् तर मिसनेरी भई दु:ख-कष्ट भोग्दै प्रचारको काम पनि गरे। यसरी परमेश्वरले पावलको दर्शन र सेवकाइ सफल पार्न फरक-फरक वरदानहरू भएका मानिसहरूलाई प्रयोग गर्नुभयो।

लूकाको सुसमाचार र प्रेरितको पुस्तक 'थियोफिलस' भन्ने व्यक्तिलाई सम्बोधन गरी लेखिएको छ (लूका १:३-४; प्रेरित १:१)। किन लूकाले यी दुई पुस्तकहरू एकै व्यक्तिको लागि लेखे? थियोफिलस भन्ने व्यक्ति को थिए? पहिलो शताब्दीको मण्डली इतिहासमा थियोफिलस नाम गरेका व्यक्ति नभेटिएको र बाइबलमा पनि उल्लेख नभएकोले गर्दा, ईश्वरशास्त्रीहरूले उक्त व्यक्तिको बारेमा तीनवटा विचारहरू प्रकट गरेका छन्।

**पहिलो विचार:-** 'थियोफिलस' (Theophilus) भन्ने नामभित्र विशेष अर्थ लुकेको छ। ग्रीक भाषामा 'थिओ' (Theo) को अर्थ परमेश्वर र 'फिलस' (philus) को अर्थ प्रेम गर्ने हुन्छ। यी दुबैलाई मिलाउँदा थियोफिलसको अर्थ परमेश्वरलाई प्रेम गर्ने अर्थात् ईश्वरप्रेमी हुन्छ। यसर्थ लूकाले आफ्ना पुस्तकहरू परमेश्वरलाई प्रेम गर्नेहरूलाई सम्बोधन गरेर लेखेको हुन सक्छ।

**दोस्रो विचार:-** थियोफिलस भन्ने व्यक्ति रोमी साम्राज्यको हाकिम हुन सक्छ। लूकाले उनलाई यी पुस्तकहरूद्वारा येशू ख्रीष्टको जीवनी, मृत्यु, पुनरुत्थान, इसाई विश्वास र पवित्र आत्माको कामहरू बताएर तत्कालिन विश्वासीहरूले भोगिरहेका सतावटलाई कम गर्न कोसिस गरेको हुन सक्छ।


**तेस्रो विचार:-** लूका थियोफिलस भन्ने धनाढ्य व्यक्तिको स्वास्थ्य सेवा गर्ने दास हुन सक्छ। इ.सं. ५० तिर स्वतन्त्र भएपछि उनले पावललाई पछ्याएको हुन सक्छ। आफूलाई स्वतन्त्र गरिदिएकोमा कृतज्ञता प्रकट गर्न लूकाले आफ्नो मालिक थियोफिलसलाई दुई वटा पुस्तकहरू लेखेका हुन सक्छ।

जे भए तापनि लूकाले पवित्र आत्माको प्रेरणा र सहायतामा ती दुई पुस्तकहरूमा येशूको जन्म, उहाँको बप्तिस्मा, सेवकाइ, मृत्यु, पुनरुत्थान, स्वर्गारोहण साथै प्रेरितहरूका सेवकाइलाई समेटेका छन्। उनले पुस्तक मात्र लेखेनन् तर आफ्नो बोलावट थाहा गरेर येशू ख्रीष्टको महान् आज्ञा पालना गर्दै संसारको विभिन्न ठाउँहरूमा सुसमाचार पुऱ्याउने काममा पनि योगदान गरे। परमेश्वरले चाहनुभयो भने जस्तोसुकै व्यक्तिलाई उहाँको राज्य विस्तार र उहाँको महिमाको निम्ति प्रयोग गर्नुहुन्छ भन्ने पाठ लूकाको जीवनबाट सिक्न सकिन्छ।

प्रेरितको पुस्तक बुझ्न इस्राएलको ऐतिहासिक, भौगोलिक, धार्मिक, राजनैतिक र सामाजिक पक्षहरूलाई बुझ्नुपर्छ। प्रेरितको पुस्तकमा उल्लिखित घटनाहरू अध्ययन गर्दैजाँदा, आज्ञाकारी भयौँ भने अवश्य पवित्र आत्माले हामीलाई सुसमाचार प्रचार, चेलापन, मण्डली स्थापनाको काममा अद्‌भूद किसिमले प्रयोग गर्नुहुनेछ।

"... अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ ...।"

परमेश्वरले अब्राहामको नाति याकूबको नाउँ इस्राएल राखिदिनुभएर एउटा नयाँ जातिको सुरुवात गर्नुभयो (उत्पत्ति ३२:२८)। त्यसैले इस्राएलको बारेमा विस्तृतरूपमा जान्नु महत्वपूर्ण छ। पुरानो करारको प्रायः घटनाहरू मध्यपूर्वमा घटेका थिए, र इस्राएल पनि यही क्षेत्रमा पर्छ। त्यसैले प्रेरितको पुस्तक राम्रोसँग बुझ्न त्यहाँको ऐतिहासिक, भौगोलिक, राजनैतिक र साँस्कृतिक कुराहरू अध्ययन गर्नुपर्छ। बाइबलमा उल्लिखित ठाउँहरूको बारेमा पनि राम्रोसँग बुझ्नुपर्छ। पत्रुस, यूहन्ना, फिलिप, पावल, बारनाबास, मर्कूस, सिलास, र याकूबले गरेको सेवकाइ इस्राएल, अफ्रिका, टर्की र दक्षिण युरोपसँग सम्बन्धित छ। प्रेरितहरूले ती क्षेत्रका मण्डली र विश्वासीहरूलाई सम्बोधन गरी पत्रहरू लेखेका छन्। मध्यपूर्वमा पर्ने ठाउँहरूमध्ये इस्राएल निकै महत्वपूर्ण स्थान हो किनभने मुक्तिदाताको जन्म त्यहीँ भयो र सुसमाचार प्रचार अभियान पनि त्यहीँबाट सुरु भयो।




इस्राएललाई तीन वटा क्षेत्रहरूमा विभाजन गर्न सकिन्छ– गालील क्षेत्र, सामरिया क्षेत्र र यहूदिया क्षेत्र। इस्राएलको नक्सामा माथिल्लो अर्थात् उत्तरी भागलाई गालील क्षेत्र भनिन्छ किनभने त्यहाँ गालील समुद्र छ। यो क्षेत्रमा कृषिको लागि उपयुक्त भूमि, राम्रो मौसम र सुन्दर पहाडहरू छन्। येशूको समयमा गालील क्षेत्रका मानिसहरू शैक्षिक, राजनैतिक र आर्थिक रूपमा कमजोर थिए। त्यहाँ प्रायः किसान र मछुवा पेशा अपनाउने साधारण मानिसहरू बसोवास गर्थे। उनीहरूका बच्चाहरूलाई पढाउन त्यहाँ राम्रो स्कुल थिएन। त्यहाँका मानिसहरूको अवस्था नेपालको दुर्गम गाउँका मानिसहरूको जस्तै थियो। त्यहाँ यहूदीहरूका साथै अयहूदी (अर्थात् अन्यजाति) मानिसहरू पनि बसोबास गर्थे। बाइबलमा त्यस ठाउँलाई **'अन्यजातिहरूको गालील'** भनिएको छ (मत्ती ४:१५-१६)। मत्तीले यो खण्ड यशैया ९:१-२ बाट उद्धृत गरेका हुन्। इ.पू. ७०० तिर परमेश्वरले यशैयालाई गालीलको बारेमा सो कुरा लेख्न लगाउनुभयो। मत्ती ४:१६ मा 'तिमीहरूले एउटा ठूलो ज्योति देख्नेछौ' भनेर लेखिएको छ। यशैयाको उक्त भविष्यवाणीअनुसार ज्योति बनेर आउनुभएको येशू ख्रीष्टले गालीलको कफर्नहुमलाई सेवकाइको केन्द्रविन्दु बनाउनुभयो।

येशू ख्रीष्टले प्रायः सबै चेलाहरू गालील क्षेत्रबाट छान्नुभयो (यहूदा इस्करियोत मात्र यहूदिया क्षेत्रका मानिस थिए)। उहाँले त्यसो गर्नु भनेको सुसमाचार यहूदीहरूका निम्ति मात्र होइन तर अन्यजातिहरूका निम्ति पनि हो भन्ने सङ्केत थियो। ईश्वरीय योजनाअनुसार सबैभन्दा पहिला थोरै यहूदीहरूले सुसमाचार पाए; उनीहरूद्वारा प्रवासी यहूदीहरूले

सुसमाचार पाए र त्यसपछि अयहूदी अर्थात् अन्यजातिहरूले सुसमाचार पाए। अन्यजातिहरूले सुसमाचार ग्रहण गर्ने समयमा यहूदीहरूका आत्मिक आँखा बन्द हुने रहस्य बाइबलले बताउँछ। "भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको सङ्ख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ" (रोमी ११:२५)।

येशू ख्रीष्टले सुरुका यहूदी चेलाहरूलाई तीन वर्षसम्म सिकाउनुहुँदा, सुसमाचार अयहूदीहरूको लागि पनि हो भनी सिकाउनुभयो। यो कुरा बुझ्न तिनीहरूलाई गाह्रो भयो किनभने उनीहरू सङ्कुचित विचारका थिए। उनीहरूले अन्यजातिहरूलाई तुच्छ ठान्थे। विशेषगरी यहूदिया क्षेत्रका शिक्षित, शक्तिशाली, धनी र उच्च घरानाका यहूदीहरूमा त्यस्तो विचारले बलियो जरा गाडेको थियो। यसलाई जातीय भेदभावको भावना भनिन्छ। यस्तो भावना मानिसमा मात्रै होइन अरू प्राणीहरूमा पनि पाइन्छ। जङ्गलको बाघले आफ्नो इलाकामा अरू बाघलाई आउन दिँदैन। त्यसैगरी आफ्नो क्षेत्रमा नयाँ कुकुर आयो भने त्यहाँका स्थानीय कुकुरहरू निकै जोडले भुक्छन्। कुखुराको खोरमा नयाँ कुखुरा राखिदियो भने सबैले त्यसलाई लखेट्दै ठुङ्छन्। किनभने तिनीहरूमा आफ्नो जातिलाई स्वीकार गर्ने तर अरू जातिलाई अस्वीकार गर्ने स्वभाव हुन्छ। त्यसैले मानिसले आफ्नो जाति र समुदायभित्र सजिलो र सुरक्षित महसुस गर्नु स्वभाविक हो।

मानिसले आफ्नो परिवार र कुल-घरानाको मानिसहरूका बीचमा स्वतन्त्र र सुरक्षा महसुस गर्छ। उसले अरू जातिको मानिसभन्दा आफ्नै जातिको मानिसमा बढी भरोसा राख्छ। नयाँ ठाउँ र नयाँ समुदायमा गएपछि हामीलाई अप्ठ्यारो महसुस हुनथाल्छ। परमेश्वरको मिसनको काम गर्ने मानिसले यस किसिमको सङ्कुचित भावना त्याग्न सक्नुपर्छ, होइन भने प्रभुको महान् आज्ञाअनुसार नयाँ ठाउँ र नयाँ जातिमा सुसमाचार लैजान कठिन हुनेछ।

यहूदिया क्षेत्रमा बस्ने यहूदीहरूमा जातीय भावना तीव्र थियो किनभने उनीहरूले आफूलाई धार्मिक, सामाजिक, शैक्षिक, आर्थिक, र राजनैतिक रूपमा उच्च ठान्थे। उनीहरूले गालील र सामरियाका मानिसहरूलाई तुच्छ ठानी हेला, घृणा र तिरस्कार गर्थे। सामरिया क्षेत्रका यहूदीहरूले इ.पू. ७२२ तिर अस्सुरीहरूसँग (अन्यजातिहरूसँग) विवाह गरी ती अन्यजाति मानिसहरूसँग मिसिएका थिए। त्यसैले त्यहाँका ठिमाहा मानिसहरूलाई यहूदीहरूले पटक्कै मन पराउँदैनथे (यूहन्ना ४:९)।

हामीहरूमा त्यस किसिमको सङ्कुचित जातीय भावना हुनु हुँदैन किनभने त्यसले मिसनको काम गर्न कठिन हुन्छ। यशैयाको भविष्यवाणीअनुसार येशूले गालील क्षेत्रका साधारण यहूदीहरूसँग सङ्गत गर्नुभयो किनभने तिनीहरूसँग जातीय भावना कम थियो। येशूको आमाबाबु गालील क्षेत्रमा बस्नुहुन्थ्यो। भविष्यवाणीअनुसार उहाँको जन्म यहूदिया क्षेत्रको बेथलेहेममा भए तापनि (मीका ५:२) उहाँ गालील क्षेत्रमा नै हुर्कनुभयो। उहाँले चेलाहरू त्यही क्षेत्रबाट छान्नुभयो। यी सबै ऐतिहासिक घटनाहरूलाई हामीले मिसनको परिप्रेक्ष्यबाट केलाउन र बुझ्न सक्नुपर्छ।

अन्यजाति मानिसहरू परमेश्वरको नजरमा महत्वपूर्ण छन् भनी येशूले घरीघरी सिकाउनुभयो। चेलाहरूसँग जातीय भावना भएकोले तिनीहरूको मन परिवर्तन गर्नु सजिलो थिएन। प्रेरित १५ अध्यायमा उल्लिखित घटनामा त्यसको प्रभाव देख्न सकिन्छ। तीन वर्षको तालिम र पेन्तिकोसको अनुभवपछि पनि चेलाहरूले अन्यजातिहरूलाई सुसमाचार सुनाउन हिचकिचाएका थिए। उनीहरूको जातीय भावना हटाउन येशूले विशेष शिक्षा दिनुभयो। यूहन्ना ४ अध्यायमा उहाँले चेलाहरूलाई सामरियाको सुखार भन्ने ठाउँमा लानुभयो। त्यहाँ एउटी सामरी स्त्रीले येशूसँग एकान्तमा कुराकानी गरेको देखेर तिनीहरू छक्क परे (यूहन्ना ४:२७) किनभने त्यसो गर्न उनीहरूको धर्म र सँस्कृतिले मनाही गरेको थियो। तर सुसमाचारको खातिर येशूले यहूदी रीतिरिवाजलाई तोड्नुभयो। उक्त स्त्रीले विश्वास गरेपछि सामरियाका थुप्रै मानिसहरूले नयाँ जन्म पाए। येशू यहूदी हुनुभएर पनि ती सामरीहरूसँग दुई दिनसम्म सँगै बस्नुभयो (यूहन्ना ४:३९-४१)। त्यतिबेला पक्कै उहाँले तिनीहरूसँगै बसेर खानुभयो। त्यो घटना चेलाहरूका निम्ति मिसनको काम गर्न महत्वपूर्ण पाठ र चुनौति थियो।

एकपटक रोमी कप्तान (अन्यजाति मानिस) येशूलाई भेट्न आए। उसले येशूलाई आफ्नो नोकरलाई निको पारिदिनुहोस् भनी बिन्ती गरे। उहाँले तिनलाई भन्नुभयो, "म तिम्रो घरमा आएर त्यसलाई निको पार्नेछु।" चेलाहरू पनि येशूसँगै थिए र पनि उनीहरूले त्यो कुरामा अचम्म मानेनन् किनभने त्यसबेला उनीहरू अन्यजातिसँग घुलमिल गर्नसक्ने भइसकेका थिए। कप्तानले येशूलाई भन्यो, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ" (मत्ती ८:८)। उक्त कप्तान अन्यजाति भएकोले यहूदीहरूलाई आफ्नो घरमा लैजान चाहेन। तर येशूले भन्नुभयो: "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैन। म तिमीहरूलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरैजना आउनेछन् र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गको राज्यको भोजमा बस्नेछन् तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्" (मत्ती ८:१०-१२)। येशूको यो भनाइले यहूदीभन्दा अयहूदीहरू विश्वासमा बलिया हुनेछन् र तिनीहरूको सङ्ख्या पनि धेरै हुनेछ भन्ने कुरालाई सङ्केत गर्छ। धेरै अयहूदीहरू (अन्यजातिहरू) स्वर्गको राज्यमा आउनेछन् भन्ने सिद्धान्तलाई यसले पुष्टि गर्छ। येशूले कप्तानको नोकरलाई निको पार्नुहुँदा ईश्वरीय मसिही योजना (Divine Messianic Plan) प्रकट गर्नुभयो। यो कुरा जातीय भावना भएकाहरूलाई बुझ्न गाह्रो छ तर अहिले परमेश्वरको अनुग्रहमा आत्मिक आँखा खोलिएकाहरूले यस रहस्यलाई बुझ्न सक्छन्। सामरी स्त्रीसँग भेटघाट र कप्तानको नोकर निको भएको येशूको सेवकाइको सुरुवाती घटनाहरू हुन्। त्यतिबेला उहाँले चेलाहरूको जातीय सङ्कीर्ण विचारलाई परिवर्तन गर्दैहुनुहुन्थ्यो।

सुरुमा येशूसँग १२ जना यहूदी चेलाहरू थिए (लूका ६:१२-१६)। केही समयपछि उहाँले सत्तरी जना यहूदीहरूलाई नियुक्त गर्नुभयो (लूका १०:१)। उहाँको पुनरुत्थान हुँदा यहूदी चेलाहरूको सङ्ख्या करिव ६०० पुगिसकेको थियो (१ कोरिन्थी १५: ५-६)। पेन्तिकोसको दिनमा पत्रुसले यरूशलेममा प्रचार गर्दा विभिन्न ठाउँहरूबाट आएका ३,००० प्रवासी यहूदीहरूले विश्वास गरे (प्रेरित २:४१)। त्यसपछि यरूशलेममा संसारको पहिलो मण्डली स्थापना भयो। केही समयपछि विश्वास गर्नेहरूको सङ्ख्या ५,००० पुग्यो (प्रेरित ४:४)। त्यो पुरुषहरूको सङ्ख्या थियो। महिला र बालकहरूलाई हिसाब गर्ने हो भने त्यो सङ्ख्या २०,००० हुनेछ! त्यो इ.सं. ३० तिरको कुरा हो।

इ.सं. ३५ मा पावल परिवर्तन भएपछि परमेश्वरले उनीद्वारा विभिन्न ठाउँका अन्यजाति मानिसहरूलाई प्रभुमा डोऱ्याउनुभयो। सुसमाचारको खातिर पावल इ.सं. ६८ मा मारिए। इ.सं. ७० मा यरूशलेमको मन्दिर र इस्राएल राष्ट्रको विनास भयो। त्यसपछि यहूदीहरूका आत्मिक आँखा बन्द भयो र उनीहरूले येशू र उहाँको सुसमाचारलाई स्वीकार गर्न सकेनन्। येशूको दोस्रो आगमन नजिक आउँदैगर्दा अहिले यहूदीहरूले विश्वास गर्न थालेका छन्। ती विश्वासी यहूदीहरूलाई मसिही यहूदी (Messianic Jews) भनिन्छ।

गालील क्षेत्रमा पर्ने कफर्नहुम, बेथसेदा, काना, नासरत र खोराजिन भन्ने ठाउँहरूमा येशूले विभिन्न आश्चर्यकर्महरू गर्नुभयो । सेवकाइको क्रममा उहाँले ती सहरहरूमा करिब तीन वर्ष बिताउनु भयो। कफर्नहुमको पूर्वपट्टि बेथसेदा भन्ने सहर छ जुन पत्रुसको घर भएको ठाउँ हो। बेथसेदाको पारिपट्टि पहाडहरू छन् जहाँ येशू ख्रीष्टले २ माछा र ५ रोटीद्वारा पाँच हजार मानिसहरूलाई खुवाउनु भयो (यूहन्ना ६:१-१५)। त्यसको पश्चिमपट्टि एउटा सहर छ जसको नाम खोराजिन हो। खोराजिन र कफर्नहुमका बीचमा पर्ने पहाडबाट उहाँले डाँडाको उपदेश दिनु भयो (मत्ती ५-७ अध्यायहरू)। गालील समुद्रको पश्चिमपट्टि काना सहर छ जहाँ येशूले पानीलाई दाखमद्य बनाउनु भयो (यूहन्ना २:१-११)। गालीलको उत्तरपट्टिको माथिल्लो भाग सिरिया हो। सिरियामा समुद्रको छेउछाउमा अवस्थित तीनवटा सहरहरू छन्– एन्टिओखिया, सिदोन र टुरोस। सिदोन र टुरोसका मानिसहरू धार्मिक प्रवृत्तिका भएकाले तिनीहरूले येशू ख्रीष्टबाट आत्मिकी कुराहरू सिक्न चाहन्थे। त्यहाँका मानिसहरूले गालील क्षेत्रमा आउँदा येशू ख्रीष्टले गर्नुभएका आश्चर्यकर्महरू देखेका थिए र आत्मिकी शिक्षाहरू सुनेका थिए।

टुरोस र सिदोन इलाकाबाट आएकी कनानी स्त्रीले आफ्नी छोरीबाट भूत निकालिदिनुहोस् भनी येशू ख्रीष्टलाई बिन्ती गरिन् तर उहाँले "म इस्राएल जातिका हराएका भेडाहरूका निम्ति मात्र पठाइएका हुँ" र "बालकहरूको रोटी लिएर

कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन" भन्नुभयो। यहाँ येशू ख्रीष्टले अयहूदीहरूलाई इन्कार गरेकोजस्तो देखिन्छ। तर उक्त कनानी स्त्रीले भनिन् : "कुकुरहरूले पनि आफ्ना मालिकको टेबिलबाट झरेको टुक्राटाक्री खान्छन्।" त्यसपछि येशूले तिनलाई भन्नुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्" (मत्ती १५:२१-२८ हेर्नुहोस्)। त्यो अयहूदीहरूले सुसमाचार ग्रहण गर्ने मसिही मिसन परिप्रेक्ष्यको घटना हो। चेलाहरूले रोमी कप्तानको नोकर र कनानी स्त्रीको छोरी निको भएको देखेर सुसमाचार अयहूदीहरूले पनि पाउनुपर्छ भन्ने कुरा थाहा पाउँदैगए।

व्यवस्था ३२:१५-२१ मा यसरी लेखिएको छ : "तर यशूरुनले मोटाएर लात हाने, राम्ररी खान पाएर ती मोटा र चिल्ला भए। तब तिनले आफूलाई सृष्टि गर्नुहुने परमेश्वरलाई त्यागे र आफ्ना उद्धारकर्ता चट्टानलाई तुच्छ ठाने। तिनीहरूले आफ्ना अन्य देवताहरूको कारण उहाँलाई डाही तुल्याए र आफ्ना घृणित मूर्तिहरूद्वारा उहाँलाई रिस उठाए। तिनीहरूले भूतहरूका निम्ति बलि चढाए, जो ईश्वर होइनन्, तिनीहरूले नचिनेका देवताहरूलाई, भर्खरै देखा परेका देवताहरूलाई, तिमीहरूका पितापुर्खाले भक्ति नगरेका देवतालाई। तिमीहरूलाई जन्माउने चट्टानलाई तिमीहरूले त्याग्यौ, तिमीहरूलाई जन्म दिनुहुने परमेश्वरलाई बिर्स्यौ। त्यो देखेर परमप्रभुले तिनीहरूलाई तिरस्कार गर्नुभयो, किनभने उहाँका छोराछोरीहरूको कारण उहाँलाई रिस उठ्यो। तब उहाँले भन्नुभयो, "म तिनीहरूबाट आफ्नो मुख लुकाउनेछु, अनि तिनीहरूको अन्त के हुनेछ, म हेर्नेछु। किनकि तिनीहरू उल्टा पुस्ताका हुन्, विश्वासघाती सन्तानहरू हुन्। जो ईश्वर होइन, त्यसको कारण तिनीहरूले मलाई डाही तुल्याए, तिनीहरूका व्यर्थका मूर्तिहरूद्वारा तिनीहरूले मलाई रिस उठाए। एउटा जाति नै नभएकाद्वारा म तिनीहरूलाई डाही बनाउँछु, समझै नभएको एउटा जातिद्वारा तिनीहरूको रिस उठाउनेछु।"

यो मोशाको मृत्यु हुनुभन्दा केही अगाडिको कुरा हो। यो भविष्यवाणीको कारण यहूदीहरूले पुरानो करारको यहोवा परमेश्वर नै येशू ख्रीष्ट हुनुहुन्छ भनेर चिनेनन्। तीन वर्षको सार्वजनिक सेवकाइमा उहाँले बेथसेदा, कफर्नहुम र खोराजिनमा धेरै आश्चर्यकर्महरू गर्नुभयो तर त्यहाँका यहूदीहरूले येशू ख्रीष्ट पुरानो करारको यहोवा परमेश्वर हुनुहुन्छ भनी चिनेनन्। मत्ती ११:२०-२४ मा येशू ख्रीष्टले ती सहरहरूलाई श्राप दिनुभयो: "धिक्कार तँलाई, ए खोराजीन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चात्ताप गरिसक्नेथिए। तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत बढ़ी सहनीय हुनेछ। ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र, तँ पातालसम्म खसालिनेछस्। किनकि तँमा गरिएका शक्तिशाली कामहरू सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो। तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ।" येशूले परमेश्वर पिताको इच्छालाई यसरी प्रकट गर्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो" (मत्ती ११:२५-२६)।

इस्राएलको मध्य भागलाई सामरिया भनिन्छ। शकेम, सुखार र कैसरिया त्यहाँको मुख्य सहरहरू हुन्। अब्राहाम ऊर देशबाट निस्केर हारान हुँदै कनानमा आउँदा पुगेको पहिलो सामरियाको शकेम हो (उत्पत्ति १२:६)। पछि सामरीहरूले सुखारको गिरिजिम (Gerizim) पहाडमा परमेश्वरको आराधना गर्न मन्दिर बनाए किनभने यरूशलेमको मन्दिरमा आराधना गर्न तिनीहरूलाई अनुमति मिलेन। सामरी स्त्रीले यसै सन्दर्भमा येशू ख्रीष्टलाई भनिन्, "हाम्रा पुर्खाहरूले यस डाँडामा (गिरिजिम डाँडामा) आराधना गरे, अनि तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो" (यहून्ना ४:२०)। येशूले तिनलाई भन्नुभयो, "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (यूहन्ना ४:२४)। सामरियामा भएको अर्को प्रख्यात सहर

कैसरिया हो जुन समुद्रको नजिकै छ। पत्रुसले रोमी कप्तान कर्नेलियसलाई त्यही ठाउँमा भेटेका थिए (प्रेरित १० अध्याय हेर्नुहोस्)। फिलिपको घर त्यहीँ थियो।

इस्राएलको नक्सामा तल्लो अर्थात् दक्षिणी भाग यहूदिया क्षेत्र हो। यरूशलेम यहूदियाको मुख्य ठाउँ हो। मृत सागरका माथिल्लो उत्तरी किनारबाट २६ किलोमिटर पश्चिमतिर गएपछि यरूशलेम पुगिन्छ। यसलाई पुरानो समयमा शालेम भनिन्थ्यो जसको अर्थ शान्ति हो। मल्कीसेदेक शालेमको राजा थिए (उत्पत्ति १४:१८)। येशू ख्रीष्ट मल्कीसेदेक राजाको रूपमा यरूशलेममा आउनुभएको कुरा हिब्रू ७ अध्यायमा उल्लेख गरिएको छ।

यरूशलेमलाई सियोन र मोरीयाहको पहाड पनि भनिन्छ। त्यसलाई परमेश्वरको सहर र राजा दाऊदको सहर पनि भनिन्छ। यरूशलेमलाई राजधानी बनाएर दाऊदले ३३ वर्ष राज्य गरे तर त्योभन्दा पहिले उनले हेब्रोनबाट ७ वर्ष राज्य गरे (जम्मा ४० वर्ष)। यरूशलेमको जैतुन पहाडबाट येशू स्वर्गारोहण हुनु भएकोले यो विशेष ठाउँ हो (प्रेरित १:११)। यरूशलेमको उत्तरपट्टि बेथेल (Bethel) सहर पर्छ। अब्राहाम पुगेको दोस्रो सहर बेथेल हो। हिब्रू भाषामा बेथ (Beth) भनेको घर र यल (El) भनेको परमेश्वर हो। त्यसैले बेथेलको अर्थ परमेश्वरको घर (House of God) हो। यरूशलेमबाट ८ किलोमिटर दक्षिणपट्टि बेथलेहेम (Bethlehem) सहर पर्छ। हिब्रूमा बेथ (Beth) भनेको घर र लेहेम (Lehem) भनेको रोटी हो। त्यसैले बेथलेहेमको अर्थ रोटीको घर (House of Bread) हो।

अगमवक्ता मीकाले येशू बेथलेहेममा जन्मनुहुनेछ भनी भविष्यवाणी गरे (मीका ५:२)। उक्त भविष्यवाणी पूरा गर्न परमेश्वरले रोमी सम्राट सिजर अगस्टसलाई प्रयोग गर्नुभयो। उनले जनगणना गर्न लगाएकोले दाऊद वंशका मानिसहरू आफ्नो पुर्ख्यौली सहर बेथलेहेम जानुपर्‍यो। मरियम र योसेफलाई येशूको जन्म बेथलेहेममा हुनेछ भन्ने कुरा थाहा थिएन। परमेश्वरको योजना पूरा गर्न तिनीहरू जनगणनामा भाग लिन बेथलेहेममा गए। यसरी येशूको पहिलो आगमन परमेश्वरको योजनाअनुसार भयो। त्यसैगरी उहाँको दोस्रो आगमन पनि उहाँकै योजनाअनुसार हुनेछ।

यरूशलेमको ४० किलोमिटर दक्षिणमा हेब्रोन पर्छ। अब्राहाम शकेम र बेथेल हुँदै हेब्रोनमा पुगेका थिए। उनी हेब्रोनको नजिकै माम्रे भन्ने ठाउँमा बसे (उत्पत्ति १३:८)। अब्राहाम त्यहाँ हुँदा येशू ख्रीष्ट उनीकहाँ देखा पर्नुभएर भन्नुभयो, "यो निश्चय जानिराख, कि तेरा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन् र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। तँचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछस्। तेरो पूरो बूढेसकालमा तँ गाडिनेछस्। चौथो पुस्तामा तेरा सन्तानहरू फेरि यहाँ आउनेछन् किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन" (उत्पत्ति १५:१३-१६)।

यो निकै महत्वपूर्ण प्रतिज्ञा हो। येशू ख्रीष्टले अब्राहामलाई उसका सन्तानहरू मिश्रदेशमा जानेछन, त्यहाँ तिनीहरू कमारा-कमारी भएर बस्नेछन् र पछि त्यहाँबाट निस्केर आउनेछन् भनी बताउनुभयो। त्यो प्रतिज्ञा अब्राहामका पनाति योसेफको समयमा पूरा भयो। ४०० वर्षसम्म इस्राएलीहरू मिश्रदेशको दासत्वमा परे। मोशाको समयमा तिनीहरू त्यहाँबाट निस्किआउने प्रतिज्ञा पनि पूरा भयो। तोकिएको समय आएपछि परमेश्वरले तिनीहरूलाई मिश्रदेशको बन्धनबाट स्वतन्त्र गर्नुभयो। यसरी येशू ख्रीष्टले अब्राहामलाई गर्नुभएका प्रतिज्ञाहरू एक-एक गरी पूरा भए।

अब्राहाम माम्रेमा आफ्नो पालको ढोकामा उभिरहँदा तीनजना व्यक्तिहरू देखा परे। ती तीनजनामध्ये एकजना येशू ख्रीष्ट हुनुहुन्थ्यो भने अरू दुईजना स्वर्गदूतहरू थिए। ती स्वर्गदूतहरू सदोम र गमोरालाई नष्ट गर्न आएका थिए। सदोम र गमोरा मृतसागरभन्दा तलतिर पर्थ्यो। ती दुई सहरलाई आगो र गन्धकद्वारा नष्ट गरिएकोले आज त्यसको अस्तित्व छैन (उत्पत्ति १८ र १९ अध्याय हेर्नुहोस्)।

परमेश्वरको प्रतिज्ञाअनुसार अब्राहामको छोराहरू– इसहाक र इस्माएलको जन्म हेब्रोनमा भएको थियो। इस्राएलीहरू (यहूदीहरू) इसहाकको सन्तान हुन् भने अरबीहरू (मुस्लिमहरू) इस्माएलको सन्तान हुन्। अब्राहामसँग आफ्नी पत्नी सारालाई दफन गर्न हेब्रोनमा चिहान थिएन। त्यसैले तिनलाई दफन गर्न उनले मक्पेलाको ओडार किने (उत्पत्ति २३:१-१९)। अब्राहाम, सारा, इसहाक, रेबिका, याकूब, लेआ, बिल्ला र जिल्पालाई हेब्रोनमा गाडिएकोले यहूदीहरूका लागि त्यो निकै महत्वपूर्ण सहर हो (राहेललाई चाहिँ बेथेलमा गाडियो)। अब्राहाम इस्माएलको पिता भएकोले अरबीहरूले पनि हेब्रोनलाई महत्वपूर्ण सहर मान्छन्। आजसम्मै हेब्रोन भन्ने ठाउँ पलिस्तीहरू (प्यालेस्टाइनीहरू) र इस्राएलीहरूको (यहूदीहरूको) लागि विवादित सहर बनेको छ।

इसहाक १६ वर्षको भएपछि अब्राहाम हेब्रोनबाट बेर्शेबामा सरे। बेर्शेबा भन्ने ठाउँ सदोम र गमोराबाट पश्चिमपट्टि पर्छ। यो यरूशलेमबाट ८० किलोमिटर अनि हेब्रोनबाट ४० किलोमिटर दक्षिणतिर पर्छ। अब्राहाम बेर्सेवामा हुँदा तिनको विश्वासको जाँच गर्न परमेश्वरले इसहाकलाई मोरीयाहको पहाडमा (यरूशलेममा) लगेर होमबलि गर्नू भन्नुभयो। बेर्शेबाबाट यरूशलेम ८० किलोमिटर टाढा पर्ने भएकोले त्यहाँ पुग्न तीन दिनको पैदल यात्रा गर्नुपर्थ्यो। अब्राहामले आफ्ना छोरा इसहाक र दुई जना नोकरहरूलाई लिएर होमबलि गर्न मोरीयाह पहाडतिर गए। उनीहरू नजिक पुगेपछि अब्राहामले नोकरहरूलाई भने: "तिमीहरू यहीँ गधासँग बस। म र यो केटो ऊ परसम्म गएर पूजा गरी तिमीहरूकहाँ फर्केर आउनेछौँ" (उत्पत्ति २२:५)।

अब्राहामले यहाँ **'हामी दुबै जना फर्केर आउनेछौँ'** भनेर बहुवचन वाक्य प्रयोग गरेका छन् किनभने इसहाक मर्नेछैन भनी तिनले विश्वास गरेका थिए। इसहाक मरिहाल्यो भने पनि पुनरुत्थान हुनेछ भनी उसले दृढ विश्वास गरेको थियो। परमेश्वरले होमबलिको निम्ति अब्राहामलाई पाठो जुटाई दिनुभयो किनभने उहाँ जुटाउनुहुने यहोवा यिरे हुनुहुन्छ। बेर्शेवामा हुँदा, जुन बेला अब्राहामले 'म इसहाकलाई होमबलि गर्छु' भनेर निर्णय गरे, त्यतिखेरै इसहाकको मृत्यु भएको थियो र तीन दिनपछि उसले पुनरुत्थान भएको छोरालाई जीवित पायो। त्यसपछि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तेरा सन्तानको वृद्धि गरेर आकाशका तारा र समुद्र किनारका बालुवासरह म तुल्याउनेछु। तेरा सन्तानले आफ्ना शत्रुहरूका सहरहरू कब्जा गर्नेछन्। तेरै सन्तानद्वारा पृथ्वीका सबै जातिहरू आशिर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्" (उत्पत्ति २२:१७-१८)।

यहाँ एकवचन वाक्य प्रयोग गरिएको छ। त्यहाँ अब्राहामको प्रतिज्ञाको सन्तान भनेको एउटा मात्र हो भनेर बुझ्नुपर्छ जुन इसहाक हो। इसहाकले येशू ख्रीष्टको सङ्केत गर्दछ। त्यसको लगभग २,००० वर्षपछि परमेश्वरले पावललाई अब्राहामको सन्तान येशू हुनुहुन्छ भन्ने रहस्य बताउनु भयो: "प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए। धर्मशास्त्रले सन्तानहरूलाई भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत दिन्छ। तर धर्मशास्त्रले तिम्रो सन्तानलाई भन्छ, यसले एउटा मानिसको मात्र सङ्केत दिन्छ, जो ख्रीष्ट हुनुहुन्छ" (गलाती ३:१६)। यसरी पुरानो करार पढ्दा नयाँ करारको प्रकाश खोज्नुपर्छ भने नयाँ करार पढ्दा पुरानो करारको सहायता लिनुपर्छ।

निष्कर्षमा भन्नुपर्दा इस्राएलले इसाई जगतमा मात्र होइन यसले संसारको इतिहामा ठूलो महत्व राख्छ। यसको ऐतिहासिक, भौगोलिक र सामाजिक पक्षहरूले ठूलो अर्थ राख्छ। त्यहाँ भएका नदी, ताल, पहाड र स्थानहरूले येशू ख्रीष्टको सेवकाइ र प्रेरितको पुस्तक बुझ्न धेरै सहायता मिल्छ।

# इस्राएलको तालहरू

इस्राएलमा दुई वटा तालहरू छन्– गालील समुद्र र मृतसागर। गालील समुद्र इस्राएलको उत्तरी भागमा पर्छ भने मृतसागर दक्षिणी भागमा पर्छ। यी दुईको तुलना गर्ने हो भने गालील समुद्रको आकार सानो छ तर मृतसागरको आकारचाहिँ अलि ठूलो छ। पानी धेरै नुनिलो भएकोले मृतसागरलाई नुनको सागर पनि भनिन्छ। साधारणतया समुद्रको पानीमा २-३% नुन हुन्छ तर मृतसागरमा नुनको मात्रा करिब ३४% छ जसले गर्दा त्यहाँ मानिस डुब्दैन। त्यो ताल गहिरो भागमा भएकोले त्यहाँको पानी बगेर अन्यत्र जाँदैन र नुनको मात्रा बढ्नुमा यही कारण हुनसक्छ। आत्मिकी रूपमा मृतसागरले नामधारी विश्वासीहरूलाई सङ्केत गर्छ किनभने उनीहरूबाट आशिष् अरूहरूमा बगेर जाँदैन। बग्ने पानी सफा हुन्छ तर एकै ठाउँमा जम्मा भएको पानी फोहर हुँदै गन्हाउन थाल्छ। त्यसैले हामी मृतसागर जस्तो एकै ठाउँमा नबसी यर्दन नदीझैं बगेर सुख्खा भूमिलाई भिजाउनु पर्छ भनेर प्रचारकहरूले उदाहरण दिने गरेको सुनिन्छ।

गालीलको समुद्रलाई तीन वटा नाउँहरूले चिनिन्छ– तिबेरियास समुद्र (यूहन्ना २१:१), गनेसरेत झील (लूका ५:१) र गालील समुद्र (यूहन्ना ६:१)। गालील समुद्रको पानी हर्मोन पहाडबाट बगेर आउँछ र त्यो यर्दन नदीतिर बगेर जान्छ। यर्दन नदी आशिषको स्रोत हो किनभने येशूले यही नदीमा बप्तिस्मा लिनुभयो। उहाँले गालील क्षेत्रबाट सेवकाइ सुरु गर्नुभएकोले यो संसारको निम्ति आत्मिकी आशिषको स्रोत बनेको छ। यहूदा इस्करियोतबाहेक येशूका एघार जना चेलाहरू यही क्षेत्रका मानिसहरू थिए।

मृतसागरभन्दा माथि रहेको यर्दन नदीको किनारबाट करिब ३० किलोमिटर पश्चिमपट्टि यरीहो भन्ने महत्वपूर्ण पौराणिक सहर छ। यहोशूले इस्राएलीहरूलाई कनानतिर लैजाँदा यर्दन नदी पार गरेका थिए (यहोशू ३-६ अध्याय)। त्यहाँ पुगेपछि तिनीहरू आ-आफ्ना कुलअनुसार फरक-फरक ठाउँहरूमा बसोबास गर्न थाले। बाइबलमा यरीहो सहरको चर्चा थुप्रैपटक गरिएको छ (मत्ती २०:२९; मर्कूस १०:४६; लूका १०:३०; १८:३५; १९:१ हिब्रू ११:३०)।

येशू ख्रीष्ट चाड मनाउन गालीलबाट यरूशलेम जानुहुन्थ्यो। उहाँको सेवकाइको केन्द्रबिन्दु गालील क्षेत्रको कफर्नहुम थियो, र त्यहाँबाट यरूशलेम जाने छोटो बाटो भनेको सामरियाको सुखार र शकेम हुँदै यात्रा गर्नु हो। तर येशू त्यताबाट आवत्-जावत् गर्नुभएन किनभने उहाँका यहूदी चेलाहरूले सामरीहरूलाई मन पराउँदैन थिए। एकपटक यरूशलेमबाट फर्कंदा उहाँले चेलाहरूलाई सामरियाको बाटो ल्याउनुभयो किनभने त्यहाँका मानिसहरूलाई सुसमाचार प्रचार गर्ने उहाँको योजना थियो (यूहन्ना ४:१-४२)। त्यो एकपटक मात्र येशूले चेलाहरूलाई सामरियाबाट लानुभएको कुरा बाइबलमा उल्लेख छ। गालीलदेखि यरूशलेम जाँदा प्रायः येशूले प्रयोग गर्नुहुने बाटोचाहिँ यर्दन नदीको किनार थियो। लामो भए पनि त्यही बाटो भएर उहाँ यरीहो र बेथानी हुँदै यरूशलेम आउने-जाने गर्नुहुन्थ्यो। येशू ख्रीष्ट अन्तिमपटक निस्तार चाड मनाउन यरूशलेम जानुहुँदा त्यही यरीहो सहरमा जखायस भन्ने कर उठाउने व्यक्तिले रूखमा चढेर उहाँलाई हेरेका थिए (लूका १९:१-१०)।

यरीहोबाट यरूशलेम जाने बाटोमा विशेष ठाउँ छ जसलाई बेथानी भनिन्छ। मार्था, मरियम र लाजरसको घर त्यहीँ थियो। यरूशलेममा आउनुहुँदा उहाँ त्यही घरमा बस्नुहुन्थ्यो। त्यो परिवारले येशूलाई स्वागत, सत्कार र आदर गरेकोले ठूलो आशिष् पायो (लूका १०:३८-४२)। परमेश्वरप्रति समर्पित लाजरसको परिवारलाई येशू ख्रीष्टले विशेष वास्ता गर्नुहुन्थ्यो। उहाँले बेथानीमा लाजरसलाई मरेको चार दिनपछि बिउँताउनुभयो (यूहन्ना ११:४३-४४)। मार्था र मरियम येशूका लागि विशेष महिलाहरू थिए। मार्था पाहुनालाई स्वागत र सत्कार गर्न सक्रिय थिइन्। मरियम परमेश्वरको वचनप्रति भोकाएकी थिइन्। तिनले येशू ख्रीष्टको पाउमा बहुमूल्य अत्तर खन्याएर उहाँप्रतिको प्रेम र

समर्पणता प्रकट गरिन् (यूहन्ना १२:१-८)। मार्था र मरियमजस्ता महिलाहरू भएको घर-परिवारबाट अवश्य परमेश्वरको महिमा हुन्छ।

इस्राएलको पश्चिमपट्टि भूमध्य सागरको किनारमा योप्पा भन्ने सहर छ। त्यहाँ पुरानो करार र नयाँ करारमा महत्वपूर्ण घटनाहरू घटेका थिए। योना परमेश्वरप्रति अट्टेरी भई तर्सिस (टार्सस) जान त्यहीँबाट पानीजहाज चढेका थिए (योना १:३) । एकपटक पत्रुस त्यस सहरमा पुगेका थिए। उनले दिउँसो बाह्र बजेतिर सिमोनको घरको कौसीमा बसेर प्रार्थना गर्दा अचम्मको दर्शन पाए। उक्त दर्शनमा परमेश्वरले उनलाई अशुद्ध प्राणीहरूलाई मारेर खाऊ भन्नुभयो। उनले अट्टेरी भई तीनपटकसम्म परमेश्वरको आज्ञा इन्कार गरे (प्रेरित १०:९-१५)। त्यसैले योप्पालाई 'अट्टेरी मिसनेरीको सहर' भनिन्छ।

परमेश्वरले स्वर्गदूतलाई कैसरियाको इटालिया भन्ने पल्टनको अन्यजाति कप्तान कर्नेलियसकहाँ पठाउनुभयो। स्वर्गदूतले भनेअनुसार कर्नेलियसले पत्रुसलाई बोलाउन मानिसहरूलाई योप्पामा पठाए। त्यहाँ परमेश्वरको विशेष उद्देश्य थियो। कर्नेलियसले पठाएका मानिसहरू योप्पामा आइपुग्दा पत्रुस कौसीमा बसेर दर्शनको अर्थ के होला भनी विचार गर्दैथिए। पवित्र आत्माको अगुवाइमा पत्रुस कैसरियामा गई सुसमाचार प्रचार गरे। उनले त्यहाँ प्रचार गर्दा धेरै अन्यजाति मानिसहरूले पवित्र आत्माको बप्तिस्मा पाएर अन्यभाषामा परमेश्वरको प्रशंसा गरे (प्रेरित ९:३६-१०:४८)।

बाइबलमा उल्लिखित स्थानहरूको ऐतिहासिक, धार्मिक र सामाजिक अवस्थाहरू बुझेपछि बाइबल पढ्न रुचि बढ्छ। मध्यपूर्वको ऐतिहासिक कुराहरू नबुझी पुरानो करार बुझ्न सकिँदैन। मध्यपूर्वका देशहरू नोआको समयको जलप्रलयपछि सुरु भएका हुन्। जलप्रलयपछि नोआका छोराहरूबाट जन्मेका मानिसहरू संसारभरि फैलिन थाले। शेम, हाम र येपेत नोआका छोराहरू हुन् (उत्पत्ति १०:१)। बाइबलीय इतिहासकारहरूका भनाइअनुसार शेम एसियालीहरूका पुर्खा हुन्, हाम अफ्रिकीहरूका पुर्खा हुन् र येपेतचाहिँ युरोपेलीहरूका पुर्खा हुन्। येशू ख्रीष्ट शेमको वंशबाट जन्मनुभयो। शेमको नवौँ पुस्ताको अब्राहाम एसियाली मूलका मानिस हुन्। उनका तीन पत्नीहरू थिए– पहिलोको नाम सारा हो र दोस्रोको नाम हागार हो। साराको मृत्युपछि अब्राहामले अर्की पत्नी पनि ल्याए जसको नाम कतुरा हो।

अब्राहामकी पहिलो पत्नी साराले इसहाकलाई जन्माइन्। इसहाकको छोरा याकूबबाट परमेश्वरले आफ्नो चुनिएको जाति सुरु गर्नुभयो। त्यस जातिलाई इस्राएली, यहूदी र हिब्रू भनिन्छ। अब्राहामकी दोस्रो पत्नी हागारले इस्माएललाई जन्माइन् र अरबीहरू इस्माएलको सन्तान हुन् (साराले प्रतिज्ञाको पुत्र इसहाकलाई जन्माउनुभन्दा १३ वर्ष पहिले नै हागारले इस्माएललाई जन्माइसकेकी थिइन्)। अब्राहामकी तेस्रो पत्नी कतुराले जिम्रान, योक्षान, मदान, मिद्यान, यिशबाक र शूहलाई जन्माइन् (उत्पत्ति २५:१)।

येशू ख्रीष्टको मृत्यु, पुनरुत्थान र स्वर्गारोहणको करिब छ सय वर्षपछि (सातौँ शताब्दीमा) मोहम्मद भन्ने अरबीले इस्लाम धर्मको प्रतिपादन गरे। इसाई धर्मभन्दा पछि सुरु भएको इस्लामहरूको सङ्ख्या अहिले दुई अरबभन्दा बढी भइसक्यो। इसाईहरूको सङ्ख्याचाहि साढे दुई अरब जति छ। हिन्दूहरूको सङ्ख्या एक अरब बीस करोड जति छ। बुद्धिस्टहरूको सङ्ख्या पाँच करोड जति छ। यहूदीहरूको सङ्ख्या एक करोड साठी लाख मात्र छ र पनि परमेश्वरको चुनिएको जाति भएकोले गर्दा शक्ति, धन, बुद्धि र कला क्षेत्रमा यिनीहरू अगाडि छन्। संसारका ठूला-ठूला व्यापारीहरू, वैज्ञानिकहरू, डाक्टरहरू, वकिलहरू, कलाकारहरू र खेलाडीहरू यहूदीहरू नै छन्। यिनीहरू संसारभरि छरिएका छन्। इस्राएल सानो मुलुक हो र यसको वरिपरि ठूला-ठूला अरबी मुलुकहरू छन्। तैपनि इस्राएल तिनीहरूका माझमा शक्तिशाली राष्ट्रको रूपमा चिनिन्छ। परमेश्वरको हात इस्राएलमाथि रहेकोले यसो हुन सकेको हो। त्यसैले इस्राएलको बारेमा अध्ययन गर्नु महत्वपूर्ण छ।

# प्रेरितको पुस्तकको संरचना

बाइबल पवित्र आत्माको प्रेरणाद्वारा लेखिएको हुनाले प्रेरितको पुस्तक क्रमवद्ध र व्यवस्थित छ। अब हामी यसको संरचनालाई हेर्नेछौँ। येशूले दिनुभएको महान् आज्ञाअनुसार सुसमाचार यरूशलेम, यहूदिया, सामरिया हुँदै संसारका अरू भागहरूमा कसरी फैलिँदैगयो भन्ने कुराहरू यसले व्याख्या गर्दछ। प्रेरितको पुस्तकमा चेलाहरूले गरेका आत्मिक लडन्तको कार्यहरूलाई सात वटा खण्डहरूमा विभाजन गर्न सकिन्छ।

**पहिलो खण्डः (प्रेरित १:१-२६)**

यस खण्डमा यरूशलेम मण्डली स्थापनाको तयारीबारे चर्चा गरिएको छ। येशूको महान् आज्ञा पूरा हुँदै जान यरूशलेममा मण्डली स्थापना हुनु आवश्यक थियो। त्यसको निम्ति त्यहाँका विश्वासीहरूले पवित्र आत्माको बप्तिस्माद्वारा शक्ति पाउनु आवश्यक थियो। पेन्तिकोसको दिनमा १२० जनाले पवित्र आत्माको बप्तिस्मा पाए। तिनीहरू नै पछि गएर यरूशलेम मण्डलीका संस्थापक र अगुवाहरू भए। प्रेरितको पुस्तकको पहिलो खण्डमा येशूको स्वर्गारोहण, स्वर्गदूतको भविष्यवाणी र यहूदा स्करियोतको स्थानमा मतियास भन्ने चेलालाई नियुक्ति गरिएको घटनाहरू लेखिएका छन्। "... पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।

**दोस्रो खण्डः (प्रेरित २:१-६:७)**

यस खण्डमा यरूशलेम मण्डलीको स्थापना र त्यसको वृद्धिबारे चर्चा गरिएको छ। पेन्तिकोसको दिनमा पवित्र आत्माको बप्तिस्मा पाएका गालीलका स्थानीय मानिसहरूले विभिन्न भाषाहरूमा बोलेको सुनेर संसारका विभिन्न स्थानहरूबाट आएका प्रवासी यहूदीहरू छक्क परे। त्यतिबेला पत्रुसले प्रचार गर्दा ३,००० मानिसहरूले विश्वास गरी बप्तिस्मा लिए। त्यसपछि स्थापना भएको यरूशलेम मण्डलीमा पत्रुस र यूहन्नाद्वारा आश्‍चर्यकर्महरू हुनथाल्यो। उनीहरू पक्राउ परे तापनि परमेश्‍वरको काम रोकिएन।

हननिया र सफिराको मृत्युपछि मण्डलीमा परमेश्‍वरको डर-भय बढ्नथाल्यो। पत्रुसमाथि परमेश्‍वरको यस्तो अभिषेक आयो, कि उसको छाया पर्दा रोगी बिरामीहरू निको भए। साधारण मानिसहरूद्वारा असाधारण कामहरू भएको देखेर त्यहाँका धार्मिक र राजनैतिक अगुवाहरूले प्रेरितहरूलाई 'येशूको नाउँमा नबोल्नू' भन्ने कडा आज्ञा दिए तर उनीहरूले घर-घरमा गई येशू नै ख्रीष्ट हुनुहुन्छ भनी प्रचार गर्न छोडेनन्। पवित्र आत्माको बप्तिस्मा पाएपछि डर, सङ्का र कमजोरी हटेर जान्छ भन्ने कुरा यी घटनाहरूबाट प्रमाणित हुन्छ।

विश्‍वासीहरूको साथमा समस्याहरू पनि बढ्न थालेपछि यरूशलेम मण्डलीमा सात जना डिकनहरूको नियुक्ति गरियो, तर प्रेरितहरूचाहिँ प्रार्थना र वचनको सेवकाइमा लागिरहे। यो खण्डको अन्तमा "परमेश्‍वरको वचन बढ्दैगयो, र चेलाहरूको सङ्ख्या यरूशलेममा अत्यन्तै बढ्यो र धेरै पूजाहारीहरूले यस विश्‍वासलाई ग्रहण गरे" भनी लेखिएको छ (प्रेरित ६:७)।

**तेस्रो खण्डः (प्रेरित ६:८-९:३१)**

यस खण्डमा यहूदिया र सामरिया क्षेत्रको मिसनबारे चर्चा गरिएको छ। प्रेरित ६ अध्यायमा आइपुग्दा यरूशलेम मण्डली विशाल भइसकेको थियो किनभने त्यहाँ यहूदी विश्‍वासीहरूको सङ्ख्या २०,००० जति भइसकेको थियो। त्यहाँका यहूदी अगुवाहरूले अन्यजाति मानिसहरूलाई सुसमाचार प्रचार गरेनन्। मुख्य अगुवाहरूले अन्यजातिहरूलाई प्रचार नगरेकोले परमेश्‍वरले फिलिपलाई सामरियामा पठाउनुभयो। त्यहाँ उनीद्वारा धेरै रोगी-बिरामीहरू निको भए। उनले नै इथियोपियाको उच्च पदाधिकारीलाई सुसमाचार प्रचार गरी बप्तिस्मा दिए। पछि उनले इथियोपियाको लागि मिसनेरी भए। अर्को कुरा के हो भने परमेश्‍वरले स्तिफनसलाई सुसमाचारको खातिर

यरूशलेममा सहिद हुन दिनुभयो। उनलाई मार्ने काममा शाऊल अर्थात् पावल सहभागी थिए। स्तिफनसको मृत्युपछि यरूशलेम मण्डलीमा ठूलो सतावट आयो जसको कारण विश्वासीहरू यहूदिया, सामरिया, सिरिया, दमस्कस र एन्टिओखियाका इलाकातिर छरपष्ट भए।

यहाँ हामीले ध्यान दिनुपर्ने विशेष कुरा के हो भने यरूशलेम मण्डलीका अगुवाहरूको सङ्कुचित जातीय भावनाले गर्दा परमेश्वरले उनीहरूलाई पृथ्वीको अन्तिम छेउसम्म सुसमाचार लैजाने काममा प्रयोग गर्नुभएन। त्यो मण्डली धनी, शक्तिशाली र ठूलो भए तापनि प्रभुको महान् आज्ञा पालन गर्ने काममा चुक्यो। तिनीहरूद्वारा सुसमाचारको काम नभएपछि परमेश्वरले सतावटद्वारा विश्वासीहरूलाई छरपष्ट पारिदिनुभयो। त्यसपछि बल्ल सुसमाचार यरूशलेमभन्दा बाहिर यहूदिया, सामरिया र त्योभन्दा धेरै टाढाका ठाउँहरूमा फैलिएर प्रेरित १:८ पूरा हुनथाल्यो। अन्यजातिहरूकहाँ सुसमाचार फैलाउनको निम्ति परमेश्वरले पावललाई अचम्म रीतिले परिवर्तन गर्नुभयो र उहाँको राज्य पृथ्वीको अन्तिम छेउसम्म विस्तार गर्न तिनलाई प्रयोग गर्नुभयो। "... अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्" (प्रेरित ९:१५)।

**चौथो खण्डः (प्रेरित ९:३२-१२:२४)**

यस खण्डमा पत्रुसको सेवकाइ र एन्टिओखिया मण्डलीको स्थापनाबारे लेखिएको छ। पत्रुस येशूको विशेष चेला भएकोले उनको जीवनमा ठूलो योजना थियो। त्यति पढेलेखेको नभए पनि उनले मिसनको अनुभव गर्नु अति आवश्यक थियो। मछुवा पेशा अपनाउने साधारण व्यक्ति भएकोले उनीसँग नयाँ मानिसहरूसँग सम्पर्क गर्ने, र नयाँ ठाउँका मानिसहरूलाई प्रभाव पार्ने क्षमता थिएन। उनमा सङ्कुचित जातीय भावना थियो। उनको पृष्ठभूमि, पेशा, र चरित्र कमजोर भएकोले नयाँ ठाउँमा गई मिसनको काम गर्न त्यति सजिलो थिएन तैपनि परमेश्वरले विशेष अनुभवको लागि उनलाई लुड्डा, शारोन, योप्पा र कैसरियामा पठाउनुभयो। आफ्नो सेवकाइद्वारा अन्यजातिहरूले पवित्र आत्मा पाएको देखेर पत्रुस छक्कै परे। उनको प्रचारद्वारा रोमी कप्तानलगायत अरू धेरै मानिसहरूले प्रभु येशूमा विश्वास गरे। पत्रुसले नयाँ ठाउँहरूमा गरेको सेवकाइको अनुभव यरूशलेमका प्रेरितहरूलाई उत्साहसाथ बताए। सुसमाचारको खातिर उनी झ्यालखानमा परे तर परमेश्वरले आफ्नो दूत पठाउनुभएर उनलाई अचम्म किसिमले छुटकारा गराउनुभयो।

यरूशलेममा ठूलो सतावट सुरु भएपछि त्यहाँबाट भागेका विश्वासीहरू विभिन्न ठाउँ हुँदै एन्टिओखियासम्मै पुगेर सुसमाचार प्रचार गर्न थाले। परमेश्वर उनीहरूको पक्षमा हुनुभएकोले त्यहाँ धेरै जना विश्वासमा आए। बारनाबासको सहयतामा पावलले एन्टिओखिया मण्डलीमा सेवकाइ गर्ने अवसर पाए। एन्टिओखिया मण्डली मिसनको काम गरेकोले त्यहाँका विश्वासीहरूले 'ख्रीष्टियान' भन्ने नाउँ पाए (प्रेरित ११:२६)। इसाईहरूको जीवनमा मिसनको काम कति महत्वपूर्ण रहेछ भनेर बुझ्न प्रेरितको पुस्तकले निकै सहायता गर्दछ।

**पाँचौँ खण्डः (प्रेरित १३:१-१६:५)**

यस खण्डमा पावलको सेवकाइ र एसिया मिसनको बारेमा लेखिएको छ। बारनाबासले पावललाई टार्ससबाट खोजेर एन्टिओखिया मण्डलीमा ल्याए। पावललाई वास्ता गर्ने, डोऱ्याउने, अवसर दिने, उत्साह दिने र सहायता गर्ने बारनाबास नै हुन्। बारनाबासजस्तो मित्र पाउनु पावलको लागि ठूलो आशिषको कुरा हो। एन्टिओखिया मण्डलीमा पाँच जना अगुवाहरूले सेवकाइ गर्दैथिएभ (प्रेरित १३:१)। एकदिन पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु" (प्रेरित १३:२)। त्यसपछि उक्त मण्डलीले उनीहरूलाई एसिया मिसनमा पठाउने निर्णय गरे। नयाँ ठाउँमा मिसनेरी पठाउने काम चानचुने होइन किनभने त्यसको लागि मानिसहरू र आर्थिक स्रोत-साधनको व्यवस्था मिलाउनु पर्छ। पावल र बारनाबासले इ.सं. ४६-४८ सम्म पहिलो प्रचार यात्रा गरे। त्यतिबेला उनीहरू एसियाको साइप्रस, पामफिलिया, पिसिदिया, आइकोनियन, लुस्त्रा र डर्बी भन्ने ठाउँहरूमा गए।

इ.सं. ५०-५२ सम्मको दोस्रो प्रचार यात्रामा पावल र बारनाबास अलग भए। बारनाबास आफ्नो भान्जा मर्कूसलाई लिएर आफ्नो घर भएको ठाउँ साइप्रसतिर गए। पावलचाहिँ सिलासलाई लिएर डर्बी र लुस्त्रा हुँदै फ्रिगिया र गलातियाको इलाकाहरूतिर गए। पावलले लुस्त्रामा एकजना महत्वपूर्ण चेला भेट्टाए जसको नाउँ तिमोथी हो। पछि गएर तिमोथीले पावलको विश्वासयोग्य चेला भई सेवकाइमा साथ दिए। पावल र सिलास गलातियाबाट प्रचार गर्दै बिथिनियातिर जाने विचार गर्दैथिए तर येशूको आत्माले उनीहरूलाई अर्कै दिसातिर डोऱ्याउनुभयो जसको बारेमा छैठौँ खण्डमा उल्लेख गरिएको छ।

**छैठौँ खण्डः (प्रेरित १६:६-१९:२०)**

यस खण्डमा पावलको युरोप मिसनको बारेमा लेखिएको छ। पावल एसिया क्षेत्रको मानिस भएकोले उनलाई युरोपसम्म यात्रा गरेर प्रचार गर्न सजिलो थिएन। त्यहाँको भाषा, सँस्कृति, धर्म, खानपान र वातावरण एसियाको भन्दा फरक थियो। त्यतिबेला उनलाई सहायता र हौसला दिने बारनाबास साथमा थिएन। अर्को कुरा युरोप धेरै टाढा भएकोले उनलाई त्यता जान मन लागेन। त्यसैले उनी फ्रिगिया र गलातियाको प्रचारपछि माइसियाको साँधबाट बिथिनिया हुँदै एन्टिओखियातिर फर्कने विचार गर्दैथिए। माइसिया हुँदै त्रोआसमा आइपुगेपछि पावलले राति अनौठो दर्शन देखेर मन परिवर्तन गरे (प्रेरित १६:९)। उक्त दर्शनको कारण पावल माकेडोनियाको फिलिप्पी सहरमा गई मण्डली स्थापना गरे जुन युरोपको पहिलो मण्डली हो। यसरी परमेश्वरले प्रेरित १:८ पूरा गर्न पावललाई युरोपसम्मै लानुभयो। त्यसपछि पावल थेसलोनिके, बेरिया, एथेन्स, कोरिन्थ हुँदै एफिससमा पुगे। ती ठाउँहरूमा परमेश्वरले उनीद्वारा अचम्मका कामहरू गर्नुभयो। धेरैले विश्वास गरेकोले थुप्रै मण्डलीहरू स्थापना भए। एफिससमा भएको टुरान्नसको विद्यालयमा उनले दुई वर्षसम्म शिक्षा दिए।

**सातौँ खण्डः (प्रेरित १९:२१-२८:३१)**

यस अन्तिम खण्डले पावलको रोम र स्पेन मिसनको बारेमा चर्चा गर्दछ। दोस्रो प्रचार यात्रा पूरा भएपछि पावलले इ.सं. ५३-५७ सम्म तेस्रो प्रचार यात्रा गरे। दुई वर्ष त उनले एफिससमा नै बिताए (प्रेरित १९:१०)। उक्त यात्रामा विभिन्न ठाउँहरूमा आफूले स्थापना गरेका मण्डलीहरूमा शिक्षा र हौसला दिँदै चेलाहरूलाई स्थिर गराए। यात्रा सकेर फर्किने क्रममा उनी कैसरियामा फिलिपको घरमा गए। त्यहाँ अगाबस भन्ने अगमवक्ताले पावल यरूशलेम गए भने पक्राउ पर्नेछन् भनी भविष्यवाणी गरे। सुसमाचारको निम्ति मर्न पनि पछि नहट्ने निडर स्वभाव भएकोले पावल सोही भविष्यवाणीअनुसार इ.सं. ५७ मा यरूशलेममा पक्राउ परे। त्यतिबेला उनको उमेर ५२ वर्ष भएको थियो। यरूशलेममा पावल असुरक्षित भएकोले रोमीहरूले उनलाई कैसरियामा सुरक्षित राखी रोम लैजाने तयारी गऱ्यो। पानीजहाजको यात्रा गरेर पावललाई रोम लैजाँदा धेरै रोमी सिपाहीहरूले सुसमाचार सुन्ने मौका पाए। इ.सं. ६०-६२ सम्म झ्यालखानमा पर्दा पनि उनले प्रचार गर्न छोडेनन्।

झ्यालखानबाट छुटेपछि इ.सं. ६३-६७ सम्म पावलले चौथो प्रचार यात्रा गरेका हुन सक्छ भनी केही इतिहासकारहरू भन्नुहुन्छ। त्यतिबेला उनी स्पेनसम्म पुगेका हुनसक्छन्। त्यहाँबाट फर्केर माकेडोनिया, ग्रीस हुँदै अख्यैयामा आइपुगेपछि इ.सं. ६८ मा तिनी फेरि पक्राउ परे अनि तिनलाई फेरि रोमको झ्यालखानमा राखियो र केही समयपछि घाटी रेटेर मारियो। उनको मृत्युपछि परमेश्वरको राज्य विस्तारको काम रोकिएन किनभने तिमोथी, सिलास, तीतस, फिलेमोन, लूका, मर्कूस, तुखिकस, लिडिया, प्रिस्किला र अकिलासजस्ता विश्वासयोग्य चेलाहरूले निरन्तर सेवकाइ गरिरहे। त्यही कारणले गर्दा पछि रोमी साम्राज्यभरि सुसमाचार फैलियो र युरोप इसाई महादेश बन्न पुग्यो। त्यतिमात्र होइन थुप्रै मिसनेरीहरूको योगदान र बलिदानद्वारा अफ्रिका र एसियाली मुलुकहरूमा मण्डलीहरू स्थापना हुनथाले। अहिले संसारमा मण्डली नभएको देश छैन। नेपालको कुरा गर्ने हो भने हरेक सहर र गाउँमा मण्डली स्थापना भइसकेको छ। सुसमाचार प्रवेश गरेको एक शतक नहुँदै सतावट हुँदैगर्दा नेपालमा करिब २५,००० मण्डलीहरू स्थापना भइसके। यसर्थ परमेश्वरको राज्यलाई कसैले रोक्न सक्दैन। येशूको महान् आज्ञा पूरा हुँदै आएको थाहा पाएर हामी परमेश्वरलाई धन्यवाद दिई उहाँको काम र उहाँको महिमा नगरी बस्नै सक्दैनौँ!

प्रभु येशू स्वर्ग जानुभएपछि यरूशलेममा संसारको पहिलो मण्डली स्थापना भयो। त्यो मण्डलीका अगुवाहरू सुरुका प्रेरितहरू थिए, र पछि येशूका भाइ याकूब पनि त्यो मण्डलीको अगुवा भए। अब त्यो मण्डली कसरी स्थापना भयो अनि पवित्र आत्माको अगुवाइमा पत्रुस, बारनाबास, पावल र अन्य प्रेरितहरूले के-कस्ता मिसनको कामहरू गरे भनी क्रमैसँग चर्चा गर्नेछौँ।

## प्रेरित एक अध्याय

"प्रिय थियोफिलस, येशूले गर्न र सिकाउन थाल्नुभएका सबै कुराका विषयमा मेरो पहिलो पुस्तकमा मैले लेखेको छु। आफैले छान्नुभएका प्रेरितहरूलाई येशूले पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँ स्वर्गमा उचाली लगिनुभएको दिनसम्मका सबै कुरा त्यस पुस्तकमा लेखिएका छन्। आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो। तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ। किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ" (प्रेरित १:१-५)।

लूकाले सुरुमा थियोफिलसलाई आफ्नो अघिल्लो पुस्तकको बारेमा स्मरण गराएका छन्। उनले आफ्नो सुसमाचारमा येशूको जन्मदेखि स्वर्गारोहणसम्मको घटनाहरू उल्लेख गरेका छन्। पुनरुत्थान हुनुभएपछि येशूले चालीस दिनसम्म परमेश्वरको राज्यको बारेमा बताउँदै चेलाहरूलाई सुदृढ पार्नुभयो। त्यही क्रममा उहाँले तिनीहरूलाई महान् आज्ञा दिनुभयो। चेलाहरूले मानिसहरूलाई उहाँको मृत्यु र पुनरुत्थानको बारेमा साक्षी दिन्थे। तीमध्ये कतिजनाले उहाँलाई साँचोरूपले पछ्याए त्यो हामीलाई थाहा छैन तर पावलले १ कोरिन्थी १५:५-८ मा तिनीहरूको सङ्ख्या पाँच सयभन्दा बढी थियो भनी बताएका छन्। स्वर्गारोहण हुने बेलामा येशूले करिब ६०० चेलाहरूलाई यरूशलेममा बसेर प्रार्थनासाथ पवित्र आत्माको बप्तिस्माको प्रतिक्षा गर्न लगाउनुभयो। उहाँले तिनीहरूलाई यस विषयमा अन्तिम रात्रिभोजमा बताई सक्नुभएको थियो जुन स्वर्गारोहणभन्दा ४३ दिन पहिलेको घटना हो (यूहन्ना १४,१५, १६ अध्याय हेर्नुहोस्)।

पवित्र आत्माको बप्तिस्मा पाउनु भनेको पाराक्लेटोस (Paracletos) पाउनु हो। हामीले पाराक्लेटोसलाई मेरो जीवनमा आउनुहोस् भनी बोलाउनुपर्छ। पाराक्लेटोसको शक्ति पाउन उहाँलाई हृदयको गहिराइबाट निमन्त्रणा दिनुपर्छ। पवित्र आत्माको बप्तिस्मा पाउन ती चेलाहरूले दश दिनसम्म निरन्तर प्रार्थना गरिरहे (प्रेरित १:१४)।

### महान् आज्ञा

येशूको महान् आज्ञा पालन गर्नु भनेको उहाँको साक्षी हुनु हो। साक्षी हुनु र साक्षी दिनु फरक कुरा हो। येशूले प्रेरित १:८ मा 'साक्षी हुनेछौ' भन्नुभयो। साक्षी हुनुलाई सुरुको ग्रीक बाइबलमा मार्टुस (Martus) भन्ने शब्द प्रयोग गरिएको छ। अङ्ग्रेजीको मार्टर (Martyr) शब्द त्यही मार्टुसबाट आएको हो जसको अर्थ सहिद हुनु हो। तसर्थ येशूको साक्षी हुनु भनेको उहाँको निम्ति सहिद हुनु हो। यो काम साधारण इसाईहरूले गर्न सक्दैनन्।

"गहुँको दाना माटोमा परेर मरेन भने त्यो एकलो रहन्छ। तर त्यो मर्‍यो भने त्यसले धेरै फल फलाउँछ" (यूहन्ना १२:२४)। यसको अर्थ निकै गहिरो छ। गहुँको एउटा दाना माटोमा परेर मर्‍यो भने त्यसबाट निस्किने बोटमा थुप्रै दानाहरू फल्छन् तर त्यो दाना मरेन भने त्यो एउटा मात्र हुन्छ। यसरी आफू मरेर धेरैलाई बचाउने कुरालाई जीवन

दिने सिद्धान्त (Life Giving Principle) भनिन्छ। यो ईश्वरीय रहस्य हो। आदम र हव्वा पापमा पतन भएकोले सबै मानिसहरू पापी भएर आत्मिक रूपमा मरे (रोमी ३:२३)। त्यसपछि तिनीहरू परमेश्वरसँगको सङ्गति र सम्बन्धबाट अलग भए। प्रेमिलो परमेश्वरले मानिसलाई बचाउन आफ्नो एकलौटे पुत्रलाई संसारमा पठाउनुभयो र उहाँ क्रूसमा मर्नुभयो। येशू मर्नुभएकोले नै हामीहरू जीवित भई अनन्त जीवनमा प्रवेश गरेका छौँ (रोमी ५:८; यूहन्ना ३:१६)। सुरुका प्रेरितहरूले यो रहस्य राम्रोसँग बुझेका हुनाले पत्रुस, पावल, स्तिफनस, याकूब, यूहन्ना र अरू थुप्रै चेलाहरू येशूको महान् आज्ञा पालन गर्ने क्रममा विभिन्न किसमको दुःख-कष्ट सहेर सहिद भए। उनीहरूले यो संसारमा होइन माथिको संसारमा पाइने इनाममा आशा राखेका थिए (हिब्रू ११:१३-१६)।

प्रभु येशूले करिव ६०० जनालाई पवित्र आत्माको बप्तिस्मा नपाएसम्म यरूशलेम छोडेर कतै नजानू भन्नुभयो तर आज्ञाकारी हुने १२० जनाले मात्र पेन्तिकोसको दिनमा पवित्र आत्माको बप्तिस्मा (पाराक्लेटोस) पाए। हिसाब गर्ने हो भने १२० भनेको ६०० को २०% हुन्छ। यसको मतलब येशूको आज्ञाप्रति २०% चेलाहरू आज्ञाकारी भए तर ८०% चेलाहरू आज्ञाकारी भएनन्। २,००० वर्ष पहिलेको यो तथ्याङ्कको सहायतामा आज हाम्रो आज्ञाकारितालाई मूल्याङ्कन गर्न सकिएला त?

आगोझैँ आउनुहुने पराक्लेटोसले मानिसको हृदयमा भएको रिस, लोभ, डाहा, ईर्ष्या, घृणा, चिन्ता, डर, झूट, छल, सङ्का, स्वार्थ, चोरी, बदला, व्यभिचार, मूर्तिपूजा, मतवालीपन र भ्रष्टताजस्ता दुष्ट चरित्रहरूलाई जलाएर नास पारिदिनुहुन्छ। पाराक्लेटोसले पत्रुसको हृदयबाट यस्ता कुराहरू हटाइदिनु भएकोले निडर भई ठूलो भीडमा प्रचार गर्न सके। हृदयभित्र फोहर कुराहरू राख्ने विश्वासीले पवित्र आत्माको फल फलाउन सक्दैन र येशूको महान् आज्ञा पनि पालन गर्न सक्दैन। हृदय शुद्ध पारेर आत्मिक युद्ध लड्न परमेश्वरले हामीलाई दुई वटा हतियारहरू दिनुहुन्छ– पाराक्लेटोस र परमेश्वरको वचन। "... पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो" (एफिसी ६:१७); "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइधारे तरवारभन्दा बढी धारिलो हुन्छ..." (हिब्रू ४:१२); "धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन्" (मत्ती ५:८)।

येशूको महान् आज्ञा पालन गर्न हामीलाई पाराक्लेटोसको साथै परमेश्वरको वचनको ज्ञान चाहिन्छ। यी दुई कुराहरू हवाइजहाको दुई पखेटाजस्ता हुन्। चराको एउटा पखेटा काटिदियो भने उड्न सक्दैन। त्यसैले हामीले परमेश्वरको वचन अध्ययन गर्नुपर्छ, मनन गर्नुपर्छ र कण्ठ गर्नुपर्छ। त्यसपछि वचन हाम्रो दिमाग र हृदयमा वास गर्नुहुन्छ। त्यसैगरी हामीले पाराक्लेटोसलाई पनि हृदयमा आउनुहोस् भनी प्रार्थनासाथ निमन्त्रणा दिनुपर्छ।

प्रेरित १:८ मा पवित्र आत्मा आउनुभएपछि **'शक्ति'** पाउनेछौँ भनेर लेखिएको छ। ग्रीक बाइबलमा यो शक्तिलाई डुनामिस (Dunamis) भनिन्छ। डाइनामाइट (Dynamite) भन्ने अङ्ग्रेजी शब्द यसैबाट आएको हो। तोप अथवा बम विस्पोटन गर्न डाइनामाइट भन्ने बारुद प्रयोग गरिन्छ। डाइनामाइटमा ठूलो शक्ति हुन्छ। त्यसको मतलब के हो भने पवित्र आत्माको डाइनामाइटजस्तो शक्ति लिएर सुसमाचारलाई यरूशलेम, यहूदिया, सामरिया हुँदै पृथ्वीको अन्तिम छेउसम्म फैलाउनु हो।

### येशूको स्वर्गारोहण

चेलाहरूलाई महान् आज्ञा दिनुभएपछि येशू ख्रीष्ट जैतुन पहाडबाट स्वर्गारोहण हुनुभयो। चेलाहरूले उहाँ माथि उचाली लगिनुभएको दृश्य हेरिरहँदा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। अनि दुई स्वर्गदूतहरू आएर यसो भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ" (प्रेरित १:११)। इसाईहरूले उक्त प्रतिज्ञाअनुसार येशूको प्रतिक्षा गरिरहेका छन् (इजकिएल ४३:१-५; जकरिया १४:४)।

येशू स्वर्ग जानुभएपछि चेलाहरू यरूशलेम फर्केर यूहन्ना भनिने मर्कूसकी आमा मरियम घरको माथिल्लो कोठामा गएर पाराक्लेटोस पाउन प्रार्थना गर्न थाले (प्रेरित १:१३-१४; १२:१२, २५)। त्यो घर यरूशलेम मन्दिरको दक्षिण-

पश्चिमतिर पर्थ्यो। चेलाहरू माथिल्लो कोठामा गएकोले त्यो घरमा पक्कै दुई तल्ला थियो। त्यतिबेला धनी र सम्पन्न व्यक्तिहरूको मात्र दुइतले घर हुन्थ्यो। इसाई इतिहासमा पहिलोपटक पाराक्लेटोस आउनुभएको घर त्यही थियो र त्यही घरमा यरूशलेम मण्डली सुरु भयो। यसरी संसारको पहिलो मण्डलीको स्थापना हुनुमा परमेश्वरले मरियमलाई (स्त्रीलाई) चलाउनु भयो। उनले आफ्नो घर परमेश्वरको महिमा हुने काममा प्रयोग गरिन्। परमेश्वरले उनको छोरा मर्कूसलाई आशिष् दिनुभयो किनभने त्यो घर प्रार्थनाको घर थियो। पत्रुस झ्यालखानमा पर्दा विश्वासीहरूले त्यही घरमा बसेर बडो जोशसँग प्रार्थना गरिरहेका थिए (प्रेरित १२:५, १२)। नयाँ करारमा हेर्दैजाने हो भने अरू महिलाहरूलाई पनि परमेश्वरले विशेषरूपमा चलाउनुभएको उदाहरणहरू भेटिन्छन्। पावल दोस्रो प्रचार यात्रामा युरोपतिर जाँदा फिलिप्पी सहरमा कपडाको ब्यापार गर्ने लिडिया भन्ने स्त्रीले प्रभुको वचन ग्रहण गरिन् (प्रेरित १६:१४)। तिनीसँग परमेश्वरको जनहरूलाई स्वागत-सत्कार गर्ने हृदय थियो (प्रेरित १६:१५, ४०)। पावललाई अरू स्त्रीहरूले पनि सहायता गरे; जस्तै: प्रिस्किला (प्रेरित १८:२ ; रोमी १६:३)), फिबी (रोमी १६:१;),र रूफसकी आमा (रोमी १६:१३)। येशूलाई सेवकाइको सिलसिलामा मार्था, मरियम, सलोमी र सामरी स्त्रीले सघाएका थिए। परमेश्वरले पुरुष र महिलालाई आफ्नै स्वरूपमा सिर्जना गर्नुभएकोले दुबै मिलेर उहाँको सेवकाइ गर्नु राम्रो हो। संसारभरि नै पुरुषहरूका साथमा महिलाहरू परमेश्वरको काममा सक्रिय देखिन्छन्।

**यहूदा इस्करियोत र मतियास**

एक सय बीस जना चेलाहरू माथिल्लो कोठामा प्रार्थना गरिरहँदा पत्रुसले यहूदा इस्कियोतको स्थानमा सुरुदेखि उनीहरूका साथमा भएको र येशूको पुनरुत्थानको साक्षी दिनसक्ने चेलालाई नियुक्त गरौँ भने। उनीहरूले योसेफ (जसलाई बारासाबास र युस्तस पनि भनिन्थ्यो) र मतियासको नाउँ प्रस्ताव गरे। तिनीहरूले गोला हाल्दा मतियासको नाउँमा पर्‍यो र एघार प्रेरितहरूसँग उनको गणना भयो।

मतियासलाई नियुक्त गर्नुअघि पत्रुसले यहूदा इस्कियोतको बारेमा पुरानो करारमा उल्लिखित महत्वपूर्ण कुरा उल्लेख गरेः "त्यसको वासस्थान उजाड होस्, र त्यहाँ वास गर्ने कोही नहोस्, र त्यसको कार्य पदाधिकार अर्काले लिओस् (प्रेरित १:२०; भजन १०९:८)। यहूदा इस्करियोतले येशूलाई चाँदीका तीस सिक्कामा धोका दिनेछ भन्ने कुरा जकरिया ११:१२-१३ मा अगमवाणी भइसकेको थियो। बाह्रै जनालाई आफैले छान्नुभए भए तपनि यहूदा इस्करियोत दियाबलस हो भनी येशूले भन्नुभयो (यूहन्ना ६:७०-७१) किनभने त्यो शैतानबाट आएको थियो। त्यसले पैसाको थैलोबाट चोर्ने गर्थ्यो (यूहन्ना १२:६)। येशूलाई पक्राई दिनुअघि त्यसभित्र शैतान पस्यो (लूका २२:३; यूहन्ना १३:२७)। यसर्थ येशूलाई क्रूसमा पुर्‍याउने काममा यहूदाले निभाउनु पर्ने भूमिकाको बारेमा परमेश्वरले पहिल्यै नै योजना बनाई सक्नुभएको थियो।

## प्रेरित दुई अध्याय

परमेश्वरले यहूदीहरूलाई सात वटा चाडहरू दिनुभयो− निस्तार चाड, अखमिरे रोटीको चाड, अगौटे फलको चाड, पेन्तिकोसको (साताहरूको) चाड, तुरहीको चाड, प्रायश्चितको चाड र छाप्रोबासको चाड (प्रस्थान १२; लेवी २३; गन्ती २८, २९ अध्याय)। प्रवासी यहूदीहरू ती चाडहरूको समयमा यरूशलेम जाने गर्थे (अहिले पनि यो प्रचलन कायम रहिरहेको छ)। सात वटा चाडहरूमध्ये निस्तार चाड, पेन्तिकोसको चाड र छाप्रोवासको चाड निकै महत्वपूर्ण हुन्। येशू निस्तार चाडकै समयमा क्रूसमा टाँगिनुभयो। त्यतिबेला संसारको विभिन्न ठाउँका यहूदीहरू चाड मनाउन यरूशलेम आएका थिए। त्यतिबेला कुरेनीबाट आएका सिमोनले गलगथाको बाटोमा येशूलाई क्रूस बोक्न सघाएका थिए (मर्कूस १५:२१; लूका २३:२६)। कुरेनी भन्ने ठाउँ अहिले लिबिया देशमा पर्छ। यरूशलेमको मण्डली स्थापना गर्नेहरूमा सिमोन पनि पर्छन्। यरूशलेमको मण्डलीमा सतावट आएपछि उनी एन्टिओखियामा गए, र उनी त्यहाँको मण्डलीको अगुवा भए (प्रेरित १३:१)। उनकी पत्नी र छोराहरूले (अलेक्जेण्डर र रूफसले) पावललाई सहायता गरे

(मर्कूस १६:२१; रोमी १६:१३)। पावलले सिमोनकी पत्नीलाई **'मेरी आमा'** भनेर सम्बोधन गरेको हुनाले उक्त परिवार पक्कै आदरणीय र आशिषित थियो।

येशूको स्वर्गारोहणपछि पेन्तिकोसको चाड मनाउन यरूशलेममा भेला भएका यहूदीहरूलाई सुसमाचार प्रचार गर्ने परमेश्वरको योजना थियो। त्यही योजना पूरा गर्न परमेश्वरले माथिल्लो कोठामा जम्मा भएर प्रार्थना गर्ने १२० जनामाथि पवित्र आत्मा खन्याउनुभयो। उनीहरूले १५ वटा फरक-फरक भाषाहरूमा बोलेको सुनेर बाहिरबाट आएका यहूदीहरू आश्चर्यचकित भएर भन्न लागे, "के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र? त कसरी तिनीहरू हरेकले हाम्रा आफ्ना मातृभाषामा बोलेको हामी सुन्छौँ? हामीहरू यहाँ पार्थीहरू, मादीहरू र एलामीहरू, मेसोपोटामियाका, यहूदियाका, कापाडोकियाका, पोन्टस र एशियाका बासिन्दाहरू  छौँ। अनि फ्रिगिया, पामफिलिया, मिश्र र कुरेनीमा पर्ने लिबियाका कतिपय क्षेत्रहरू र रोमबाट आएका यहूदी र यहूदी मत मान्नेहरू दुवै छौँ, क्रेटका बासिन्दाहरू र अरबीहरू पनि छौँ, अनि हामी आआफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौँ" (प्रेरित २:७-११)।

**पत्रुसको पहिलो प्रचार**

पवित्र आत्माको बप्तिस्मा पाएका चेलाहरूले अन्यभाषाहरूमा बोल्दा केही यहूदीहरूले हाँसो गर्दै "तिनीहरू नयाँ मद्यले मातेका छन्" भनेर खिल्ली उडाए। तब पत्रुसले तिनीहरूलाई पुरानो करारको महत्वपूर्ण खण्डहरू उद्धृत गर्दै येशू नै ख्रीष्ट हुनुहुन्छ भनी प्रचार गरे (प्रेरित २:१४-३६; योएल २:२८-३२; भ.सं. १६:८-११;  ११०:१)। पवित्र आत्माको बप्तिस्मा (पाराक्लेटोस) पाउनुअघि उनले यस्तो शक्तिशाली प्रचार गर्न सकेका थिएनन्। पत्रुसको प्रचार सुनेर हृदय छियाछिया भएपछि, तिनीहरूले "अब हामीले के गर्ने?" भनेर सोधे। त्यसपछि पत्रुसले भने, "पश्चाताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८)। यसरी पत्रुसको पहिलो प्रचारद्वारा प्रायः तीनहजार प्रवासी यहूदीहरू एकै दिनमा परिवर्तन भए। त्यसपछि प्रेरितहरूको अगुवाइमा यरूशलेम मण्डली स्थापना भयो।

**यरूशलेम मण्डली**

यरूशलेमको मण्डली संसारको पहिलो मण्डली भएकोले त्यसको विशेषताहरू हामीले जान्नुपर्छ। "तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। तिनीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचीकन जजसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे। तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घरघरमा रोटी भाँच्थे, र तिनीहरू खुसी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको सङ्ख्यामा थपिदिनुभयो" (प्रेरित २:४२-४७)।

**यरूशलेम मण्डलीको अगुवाहरूका विशेषताहरू**

(१) यरूशलेम मण्डलीका अगुवाहरूले पवित्र आत्माको बप्तिस्मा पाएका थिए।

(२) उनीहरू सुसमाचार प्रचार गर्न र सतावट भोग्न डराउँदैनथे।

(३) उनीहरूको प्रचार क्रूसमा टाँगिनुभएको येशू ख्रीष्टमा केन्द्रित थियो।

(४) उनीहरूले येशू नै ख्रीष्ट र प्रभु हुनुहुन्छ भनेर प्रचार गर्थे र उहाँको नाउँमा आश्चर्यकर्महरू गर्थे।

(५) उनीहरूले परमेश्वरको वचनबाट सिकाउँथे र विधवा र खाँचोमा परेकाहरूलाई सहायता गर्थे।

(६) उनीहरूको जीवन आराधना र प्रार्थनामा केन्द्रित थियो।

(७) उनीहरूले मण्डलीमा अगुवाहरू नियुक्त गरी जिम्मेवारीहरू बाँडेका थिए।

**यरूशलेम मण्डलीको विश्वासीहरूका विशेषताहरू**

(१) यरूशलेम मण्डलीका विश्वासीहरू अगुवाहरूप्रति आज्ञाकारी थिए।

(२) उनीहरूले प्रेरितहरूबाट शिक्षा लिन्थे।

(३) उनीहरू खुसी थिए र उनीहरूका बीचमा सुमधुर सङ्गति थियो।

(४) उनीहरूको जीवन आराधना र प्रार्थनामय थियो।

(५) उनीहरूको धनसम्पत्ति साझा थियो।

(६) उनीहरूमा शुद्ध हृदय र आपसी एकता थियो।

(७) उनीहरू घरेलु सङ्गति र रोटी भाँच्ने सेवकाइमा सहभागी हुन्थे।

(८) उनीहरूले गीतभजनद्वारा परमेश्वरको स्तुति-प्रशंसा गर्थे।

(९) उनीहरूले वरिपरिका मानिसहरूबाट शुभेच्छा पाउँथे।

(१०) उनीहरूमा परमेश्वरको डर र भय थियो।

(११) उनीहरूमा मेलमिलाप र सहयोगको भावना थियो।

(१२) उनीहरूको मण्डलीमा थुप्रै जाति र पृष्ठभूमिका मानिसहरू थिए।

(१३) उनीहरूको हृदय शुद्ध थियो।

(१४) उनीहरूको मण्डली तीव्र रूपमा वृद्धि हुँदैथियो।

हामीले आफ्नो मण्डली यस्तै विशेषताहरूले भरिएको होस् भनेर प्रार्थना गर्नुपर्छ। यरूशलेम मण्डलीको धेरै राम्रा पक्षहरू भए तापनि त्यहाँ केही समस्याहरू थिए (जहाँ मण्डली हुन्छ, त्यहाँ समस्या हुन्छ)।

**यरूशलेम मण्डलीको ससमस्याहरू**

(१) यरूशलेम मण्डली धर्मशास्त्रको ज्ञानमा परिपक्व थिएन।

(२) त्यो मण्डलीले प्रभु येशूको महान् आज्ञा र उहाँको मिसनलाई प्राथमिता दिन सकेन। त्यसको उद्देश्य यहूदीहरूलाई मात्र सुसमाचार सुनाउने थियो।

(३) त्यो मण्डलीको विश्वासीहरूमा पवित्र आत्माको फलको कमी थियो।

(४) त्यो मण्डलीको अगुवाहरू धेरै व्यस्त भएकोले विश्वासीहरूलाई उचित वास्ता गर्न सकेनन्।

(५) त्यो मण्डलीको विश्वासीहरू आत्मिकरूपमा बालक थिए।

## प्रेरित तीन अध्याय

दिउँसो तीन बजेतिर पत्रुस र यूहन्ना प्रार्थना गर्न मन्दिरमा जाँदैगर्दा, मन्दिरको सुन्दर भन्ने ढोकामा भीख माग्न बसेको एक जना जन्मैदेखिको लङ्गडो मानिससँग भेट भयो। त्यसले केही पाउने आशाले उनीहरूलाई हेऱ्यो। त्यतिबेला उनीहरूका आँखा जुधे। पत्रुसले त्यो लङ्गडोलाई येशूको नाउँमा हिँड्न सक्ने तुल्याए। विश्वासको प्रार्थनाले बिरामी निको हुन्छ। हिब्रू ११:१ मा विश्वासको परिभाषा दिइएको छ। विश्वास आशाबाट सुरु हुन्छ। त्यो लङ्गडोसँग पैसा पाउने आशा थियो। परमेश्वरले त्यसलाई आशा गरेकोभन्दा ठूलो कुरा दिनुभयो। त्यो घटना देखेर छक्क परेका मानिसहरूलाई पत्रुसले पुरानो करारको कुराहरू उल्लेख गर्दै सुसमाचार प्रचार गरे (प्रेरित ३:१२-२६)।

**पत्रुसको दोस्रो प्रचार**
त्यो लङ्गडो मानिस निको भएपछि धेरै मानिसहरूले पत्रुस र यूहन्नालाई पछ्याए। सलोमन नामक दलानमा जम्मा भएका मानिसहरूलाई पत्रुसले सुसमाचार प्रचर गरे। उनको प्रचार येशू ख्रीष्टमा केन्द्रित थियो। येशू ख्रीष्ट जीवनको स्रोत पनि हुनुहुन्छ भनेर उनले बताए। उनले यसो भने, 'तपाईंहरूले येशूलाई मार्नुभयो तर उहाँ पुनरुत्थान हुनुभई स्वर्गारोहण हुनुभयो। यस कुराको हामी साक्षी हौँ। हामीले लङ्गडो मानिसलाई निको पारेका होइनौँ। हामीले त निको पार्न उहाँको शक्तिशाली नाउँ मात्र लिएका हौँ।' त्यतिबेला पत्रुसले अब्राहाम, इसहाक, याकूब, मोशा, शमूएल र त्यसपछिका अगमवक्ताहरूको कुराहरू उल्लेख गर्दै प्रचार गरे। उनले भने, "यसकारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईंहरूका पाप मेटिऊन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्" (प्रेरित ३:१९)।

## प्रेरित चार अध्याय

येशूको समयमा तीन समूहका यहूदीहरू थिए।

**फरिसीः-** यिनीहरू सङ्कुचित विचारधाराका कट्टरवादी यहदीहरू हुन्। यिनीहरू प्रायः अरूहरूको न्याय गर्ने स्वभावका हुन्छन्। यिनीहरूले परमेश्वरको प्रेम, दया, कृपा, क्षमा, शान्ति र अनुग्रहलाई त्यति वास्ता गर्दैनन् तर मोशाको व्यवस्था, शवाथ दिन र भेटी-दशांशलाई निकै जोड दिने गर्छन्। यिनीहरूले आफूलाई अरूको सामु धर्मी देखाउन कसिस गर्छन्। गम्भीर स्वभावका हुने भएकाले प्रायः यिनीहरूको अनुहारमा हाँसो, खुसी र मुस्कान देखिँदैन। यिनीहरूलाई यहूदी समुदायमा शक्तिशाली मानिन्छ। पावल यही समूहका मानिस थिए (प्रेरित २३:६; २६:५; फिलिप्पी ३:५)।

**सदुकीः-** यिनीहरू उदारवादी विचारधाराका यहूदीहरू हुन्। यिनीहरूले तर्कसङ्गत र बौद्धिक कुरामा जोड दिने गर्छन्। यिनीहरूले आश्चर्यकर्ममा विश्वास गर्दैनन्। त्यसैगरी यिनीहरूले स्वर्गदूत र भूतात्मामा पनि विश्वास गर्दैनन्। त्यतिमात्र होइन, यिनीहरूले येशूको शारीरिक पुनरुत्थानमा पनि विश्वास गर्दैनन्।

**शास्त्रीहरूः-** यिनीहरू धेरै पढेलेखेका र धार्मिक नीतिनियममा पोख्त यहूदीहरू हुन्। पुरानो करार बाइबल (व्यवस्था) राम्रोसँग जानेकाले यिनीहरूलाई व्यवस्थाका पण्डित भनिन्छ (प्रेरित ५:३४; लूका १०:२५; ११:५२)। विशेषगरी तिनीहरूले कानुनी कुराहरूमा ध्यान दिन्छन्।

हरेक समुदायमा यस किसिमका फरक विचार र दृष्टिकोण भएका मानिसहरू पाउन सकिन्छ। राजनैतिक क्षेत्र र मण्डलीमा पनि यस्ता मानिसहरू हुन सक्छन्। तसर्थ मानिसहरूसँग कुरा गर्ने क्रममा उनीहरू कस्ता खालका हुन् भनेर पत्ता लगाउनु राम्रो हुन्छ। आत्मा छुट्ट्याउने वरदाना पाएकाहरूले सुसमाचार प्रचार गर्दा यसलाई ध्यान दिनु राम्रो हुन्छ।

पत्रुसले येशूको पुनरुत्थानको बारेमा बताउँदै गर्दा पूजाहारीहरू, मन्दिरका कप्तान र सदुकीहरू रिसाउँदै त्यहाँ आए। धेरै मानिसहरूले उनीहरूलाई पछ्याएको तिनीहरू डाहले भरिएका थिए। तिनीहरूले उनीहरूलाई थुनामा राखे। त्यतिबेला यरूशलेममा करिब पाँच लाख यहूदीहरू थिए, र त्यसमध्ये विश्वासीहरूको सङ्ख्या पाँच हजार थियो। त्यो पुरुषहरूको मात्र सङ्ख्या थियो। महिला र बालबालिकाहरूको हिसाब गर्ने हो भने यरूशलेम मण्डली स्थापना भएको एक-दुई वर्षमा विश्वासीहरूको सङ्ख्या बीस हजार भएको हुनुपर्छ (जुन ४% हुन आउँछ)।

पवित्र आत्माको शक्तिमा पत्रुसले शासकहरू, धर्म गुरुहरू, शास्त्रीहरू, प्रधान पूजाहारी अनि अरू थुप्रै मानिसहरूका माझमा निडरतासाथ खडा भएर मुक्ति पाउन येशू बाहेक अरू कुनै उपाय छैन भनी घोषणा गरे। अशिक्षित र साधारण मानिसले यसरी बोलेको देखेर तिनीहरू छक्क परे। राजनैतिक र धार्मिक अगुवाहरूले पत्रुस र यूहन्नालाई सजायँ

दिन सकेनन् तर अब उप्रान्त येशूको नाउँमा केही नबोल्नू भनी कडा आज्ञा दिए। तर उनीहरूले तिनीहरूलाई यस्तो जवाफ दिए, "परमेश्वरको कुरा सुन्नुभन्दा तपाईंहरूको कुरा सुन्नु परमेश्वरको दृष्टिमा ठीक हो कि होइन तपाईंहरू आफै विचार गर्नुहोस्। किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौँ" (प्रेरित ४:१९-२०)।

**पत्रुसको तेस्रो प्रचार**

पत्रुसले यसरी प्रचार गरे, "आज हामीले एक जना लङ्गडो मानिसप्रति एउटा असल काम गरेको विषयमा त्यो कुन उपायले निको पारियो भनेर प्रश्न गर्नुहुन्छ भने, तपाईंहरू सबैलाई र इस्राएलका सारा मानिसलाई थाहा होस्, कि तपाईंहरूले क्रूसमा टाँग्नुभएको र परमेश्वरले मृतकबाट जीवित पार्नुभएका, उनै नासरतका येशू ख्रीष्टको नाउँमा यो मानिस तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ" (प्रेरित ४:९-१०)। त्यतिबेला उनले भ.सं. ११८:२२ लाई उद्धृत गरी यसो भने, "यो त्यही ढुङ्गो हो, जो तपाईं, निर्माताहरूले इन्कार गर्नुभएको थियो, सो अहिले कुनाको शिर ढुङ्गो हुन आएको छ" (प्रेरित ४:११)। पत्रुसले तेस्रो प्रचारमा यी कुराहरूलाई समेटेका थिए।

(१) येशू ख्रीष्ट मृतकबाट पुनरुत्थान हुनुभयो।

(२) उहाँले चङ्गाइ र आश्चर्यकर्म गर्नुहुन्छ।

(३) उहाँ मुक्तिदाता हुनुहुन्छ।

(४) उहाँ ख्रीष्ट कुनाको शिर ढुङ्गा हुनुहुन्छ।

(५) राजा दाऊद येशू ख्रीष्टका प्रतीक हुन् र उनले पाएका दर्शनहरू येशू ख्रीष्टका बारेमा हुन्।

पवित्र आत्माको शक्ति पाएकाहरूले अन्यभाषा बोल्ने, अगमवाणी गर्ने, चङ्गाइ गर्ने, भूतहरू धपाउने र साहससित सुसमाचार प्रचार गर्ने गर्दछन्। पवित्र आत्माको वरदानको बारेमा पावले यसरी लेखेका छन्, "कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषहरूको अर्थ खोलिदिने। तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ (१ कोरिन्थी १२:८-११)।

यहूदी अगुवाहरूले पक्राउ परेका पत्रुस र यूहन्नालाई नियन्त्रण गर्न सकेनन् किनकि धेरै मानिसहरूले उनीहरूलाई पछ्याएका थिए, र निको भएको लङ्गडो मानिस पनि त्यहीं थियो। उनीहरू छुटेपछि प्रार्थना सङ्गतिमा सहभागी भए जहाँ उनीहरूको निम्ति प्रार्थना हुँदैथियो। उनीहरूले विश्वासीहरूलाई सबै कुरा बताइदिए। त्यसपछि प्रस्थान २०:११; नहेम्याह ९:६; भजन १४६:६; भजन २:१-२ मा लेखिएका कुराहरू घोषणा गर्दै तिनीहरूले प्रार्थना गरे। यसरी परमेश्वरको वचन घोषणा गर्दै गरिने प्रार्थना शक्तिशाली हुन्छ। उनीहरूले "तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, र निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा, आफ्ना पवित्र सेवक येशूको नाउँद्वारा चिन्ह र आश्चर्य कामहरू होऊन्" भनी प्रार्थना गरे (प्रेरित ४:२९-३०)। त्यो प्रार्थना शक्तिशाली भएकोले त्यहाँ भूकम्प गयो र तिनीहरू सबै जना पवित्र आत्माले भरिए।

त्यसपछि विश्वासीहरूको जीवन परिवर्तन हुन थाल्यो। उनीहरूले साहससित परमेश्वरको वचन प्रचार गर्न थाले। उनीहरू एउटै हृदय र आत्मामा आउन थाले। सबैले आफ्नो धन-सम्पत्ति साझा बनाएकोले कसैलाई केही कुराको खाँचो परेन। धनीहरूले आफ्ना जग्गा जिमिन बेचेर मण्डलीलाई सहायता गर्न थाले। त्यसै क्रममा बारनाबासले जमिन बेचे र त्यो रकम मण्डलीलाई दिए। उनी पर्दापछाडि रहेर सेवा गर्ने मानिस थिए। उनले पावललाई धेरै ठूलो सहायता गरे जसको बारेमा पछि हेर्नेछौं।

## प्रेरित पाँच अध्याय

बारनाबासले आफ्नो जग्गा बेचेर मण्डलीलाई सहायता गरेको देखेपछि हननिया र सफिराले पनि त्यसै गर्न चाहे। तिनीहरूले एक टुक्रा जमिन बिक्री गरेर त्यसको केही हिस्सा मण्डलीमा ल्याए। केही रकम आफूसँग राखे पनि सबै मण्डलीमा ल्याएका हौँ भनी तिनीहरूले झूट बोले। तिनीहरूले केही हिस्सा मात्र दिएका छौँ भनेको भए राम्रै हुन्थ्यो तर सबै दिएका हौँ भनेकाले पत्रुसले हननियालाई भने, "... तिमीले मानिसहरूलाई त होइन तर परमेश्वरलाई नै ढाँटेका छौ" (प्रेरित ५:४)। त्यसपछि हननिया भुइँमा लडेर मऱ्यो। त्यसको तीन घण्टापछि हननियाकी पत्नी पत्रुसलाई भेट्न आइन्। तिनले पनि झूट बोलिन् र मरिन्। हननिया र सफिरा मेरको खबर सबैतिर फैलिएकोले विश्वासीहरू परमेश्वरसँग साह्रै डराउन थाले।

परमेश्वरको शक्तिमा प्रेरितहरूले थुप्रै चिन्ह र आश्चर्यकर्महरू गरेकेले धेरै मानिसहरू प्रभुमा आए। धेरै मानिसहरू पत्रुसलाई बाटोमा पर्खेर बस्थे। "यहाँसम्म कि मानिसहरूले सडकसडकमा बिरामीहरूलाई ल्याए र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरूमध्ये कोहीकोहीमाथि परोस् भनी ओछ्यान र खाटहरूमा तिनीहरूलाई लेटाइराख्थे। यरूशलेमका वरिपरिका सहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे" (प्रेरित ५:१५-१६)।

परमेश्वरको राज्य बढ्दैगएको देखेर प्रधान पूजाहारी र सदुकीहरू रिसाएर प्रेरितहरूलाई झ्यालखानमा हालिदिए। तर परमेश्वरले आफ्नो दूत पठाउनुभएर उनीहरूलाई स्वतन्त्र गरिदिनुभयो। झ्यालखानमा हालिएका मानिसहरू मन्दिरमा गई प्रचार गरिरहेका देखेर सबैजना छक्क परे। त्यसपछि उनीहरूलाई महासभामा खडा गराई केरकार गरियो। प्रेरितहरूले साहससित यसो भने, "हामीले मानिसहरूको होइन तर परमेश्वरको (येशूको) आज्ञा पालन गर्नैपर्छ" (प्रेरित ५:२९)। त्यो सुनेर धार्मिक अगुवाहरूले उनीहरूलाई मार्न खोजे तर गमलिएल भन्ने माननीय व्यक्तिले यसो भनेर उनीहरूलाई बचाई दिए, "... यिनीहरूलाई छोडिदिनुस्, किनकि यिनीहरूको यो योजना अथवा काम मानिसहरूबाट रहेछ भने त्यो आफै मेटिनेछ। तर यदि यो परमेश्वरबाट हो भनेता तपाईंहरूले यसलाई रोक्न सक्नुहुन्न ..." (प्रेरित ५:३८-३९)।

"तब येशूको नाउँमा अपमान सहने योग्यका ठहरियौँ भन्ने कुरामा आनन्द मनाउँदै तिनीहरू महासभाको उपस्थितिबाट निस्केर गए। अनि हरेक दिन तिनीहरूले मन्दिरमा र घर-घरमा गएर येशू नै ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्" (प्रेरित ५:४१-४२)।

## प्रेरित छ अध्याय

यरूशलेम मण्डली आराधना, प्रार्थना र प्रचारमा सक्रिय हुँदै सङ्ख्यामा बढिरहँदा केही समस्याहरू देखा परे जसको बारेमा ६ अध्यायमा चर्चा गरिएको छ। त्यो मण्डलीले विधवाहरूलाई दिनहु भोजन खुवाउने गर्थ्यो। स्थानीय हिब्रू विधवाहरूले पर्याप्त खाना पाउँथे तर ग्रीक-यहूदी विधवाहरूले पेटभरि खान पाउँदैनथे। अर्को शब्दमा भन्ने हो भने त्यहाँ खाना बाँड्ने काममा पक्षपात भयो। त्यसपछि हिब्रूहरूका विरुद्धमा ग्रीक यहूदीहरूले गनगन गर्न थाले (प्रेरित ६:१)। मण्डली वृद्धि हुँदैजाँदा नयाँ समस्याहरू निस्कन थाल्छन् भन्ने कुरा अगुवाहरूले यहाँबाट बुझ्नुपर्छ। त्यो समस्या समाधान गर्न प्रेरितहरूले पवित्र आत्मा, बुद्धि र विश्वासले भरिएका अनि सबैबाट आदर पाएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र निकोलाउसलाई डिकनको रूपमा विधवाहरूलाई खुवाउने-पिलाउने सेवामा नियुक्त गरे। प्रेरितहरूचाहिँ प्रार्थना र वचनको सेवकाइमा लागिरहे। उनीहरूले विधवाहरूलाई खुवाउने काम गरेनन् (प्रेरित ६:२-४)। यसको मतलब मुख्य अगुवाहरू आत्मिक सेवामा व्यस्त भएकाले डिकनको रूपमा नियुक्त

गरिएका अगुवाहरूलाई भौतिक सेवा गर्ने जिम्मेवारी दिइयो। त्यतिबेला डिकनहरूलाई वचन प्रचार गर्न अनुमति नदिएको हुनसक्छ।

ती सात जना डिकनहरूमध्ये स्तिफनस परमेश्वरको दृष्टिमा विशेष व्यक्ति थिए किनभने उनले भौतिक सेवाको साथै आत्मिक सेवा पनि गरे। उनले विधवाहरूलाई खुवाउने काम गर्नुको साथै प्रचारको काम पनि गरे। उनको प्रचारको बारेमा प्रेरित ६:८ - ८:२ सम्म वर्णन गरिएको छ। परमेश्वरको अनुग्रह र शक्तिमा स्तिफनसले अचम्मका कामहरू गरे (प्रेरित ६:८)। बुद्धि र आत्माले भरिएर उनले यसरी बोल्थे कि, कसैले उनको सामना गर्न सक्दैनथे (प्रेरित ६:१०)। परमेश्वरले उनलाई विशेष उद्देश्यको निम्ति चुन्नुभएको थियो। सुसमाचारको खातिर सतावट भोगेर सहिद हुने मण्डली इतिहासमा पहिलो व्यक्ति यिनै स्तिफनस हुन्।

प्रेरित ६ अध्यायअनुसार विधवा र खाँचोमा परेकाहरूलाई सेवा गर्नु बाइबलीय मूल्य-मान्यता हो। समाजमा भएका असहाय, उपेक्षित, गरीब, रोगी र कमजोरहरूको सेवा गर्नु र उनीहरूको खाँचोलाई पूरा गर्नु मण्डलीको कर्तव्य हो। याकूबले यस्तै किसिमको शिक्षा दिएका छन् (याकूब १:२७; २:१७)। पुरानो करारमा पनि यस विषयमा उल्लेख गरिएको छ (व्यवस्था १५:१-१७; हितोपदेश १९:१७; २२:९)। सेवाको सन्दर्भमा प्रभु येशूले भन्नुभयो, "अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबेको दास हुनैपर्दछ। किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो" (मर्कूस १०:४५)। मण्डलीमा अगुवाइ गर्नेहरूको निम्ति यो ठूलो चुनौति हो।

यरूशलेम मण्डलीले आत्मिक सेवकाइको साथै भौतिक सेवकाइ गर्दैजाँदा– परमेश्वरको वचन बढ्दैगयो, र चेलाहरूको सङ्ख्या यरूशलेममा अत्यन्तै बढ्यो। पूजाहारीहरूमध्ये धेरै जनाले यस विश्वासलाई ग्रहण गरे (प्रेरित ६:७)। यसर्थ अगुवाहरूले आत्मिक र भौतिक सेवकाइको सन्तुलन मिलाउन जान्नुपर्छ।

यरूशलेम मण्डलीका मुख्य अगुवाहरूले प्रवासी यहूदीहरूलाई चेलापन तालिम दिएर सुसमाचार प्रचार गर्न विभिन्न ठाउँहरूमा पठाउनु पर्थ्यो। तिनीहरू एकै ठाउँमा बसिरहेकोले मण्डली मोटो हुन थाल्यो र आन्तरिक समस्याहरू आउन थाले। मण्डली मोटाएर एकै ठाउँमा निष्कृय भई बसिरहेमा अस्वस्थ हुन थाल्नेछ। त्यसैले मण्डलीलाई मृतसागरझैँ एकै ठाउँमा जमाएर राख्ने होइन तर यर्दन नदीझैँ विभिन्न ठाउँहरूमा बगाउनुपर्छ भन्ने आत्मिक शिक्षा यहाँबाट लिन सकिन्छ।